# अध्याय एक : शोधपत्रको परिचय

## अध्ययनको पृष्ठभूमि

शैली प्राचीन कालदेखि प्रचलित शब्द भए तापनि शैलीविज्ञान साहित्य समालोचना प्रणालीको एउटा नवीनतम विधा हो (शर्मा, २०४८:१)। भाषा अभिव्यक्तिको विभिन्न तरिका हुन्छन्: औपचारिक, अनौपचारिक, शैली, सरल शैली, क्लिष्ट शैली, सामान्य शैली, विशिष्ट शैली आदि (शर्मा, २०७१:८६)। विशेष गरी शैली विज्ञानले कुनै पनि साहित्यिक कृतिमा चयन, अग्रभूमि निर्माण, समानान्तरता, विचलन आदिको खोजी गरी त्यसमा अन्तरनिहित कलात्मक संवेगको पहिचान गरी सौन्दर्यको उद्घाटन गर्दछ।

'शैली' शब्द अङ्ग्रेजीको क्तथभि शब्दको नेपाली रूपान्तरण हो। संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको निर्माण भएको हो। शील् शब्दमा 'ई' प्रत्यय जोडिइ निर्माण भएको शैलीको अर्थ ढङ्ग, ढाँचा, तरिका, मार्ग आदिमध्ये कुनै हुन सक्छ। त्यसैले भाषिक अर्थमा अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ (शर्मा, २०७१:८६)। शैली र विज्ञान मिलेर शैलीविज्ञान शब्द बन्दछ। भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने यस्तै शैलीगत विशिष्टता सम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ।

शैलीलाई भाषिक दृष्टिले हेर्दा परम्परा प्राचीनकालदेखि नै भएको पाइन्छ। सुरूमा शैली अलङ्कार शास्त्रको एउटा अङ्गमात्र मानिन्थ्यो (भण्डारी र अन्य, २०६८:२६)। पूर्वीय र पाश्चात्य दुवैथरी काव्यशास्त्रमा शैलीलाई एउटा काव्यात्मक घटकका रूपमा लिइन्छ। परम्परागत दृष्टिमा हेर्ने हो भने पूर्वमा ऋग्वेद र पश्चिममा अरस्तुको काव्यशास्त्र र अलङ्कारशास्त्रमा भाषाशैलीका बारेमा चर्चा गरिएको पाइन्छ। पूर्वीय समालोचना र साहित्यको क्षेत्रमा शैलीविज्ञानको परम्परा पाश्चात्य परम्पराभन्दा लामो, विकसित र व्यवस्थित देखिन्छ। पूर्वमा भरतमूनिको नाट्यशास्त्रदेखि पाणिनिको अष्टाध्यायी जस्ता विशिष्ट कृतिहरूमा शैलीका विभिन्न र विशिष्ट अर्थमा प्रयोग गरिएको छ। पश्चिमी विद्ववानहरूले साहित्यको अध्ययन गर्दा शैली पक्षलाई विशेष महत्व दिइएको पाइन्छ। पश्चिममा शैलीका बारेमा अरस्तु, सिसेरो, प्लेटो आदि विद्वानहरूले शैलीका बारेमा चर्चा गरेका छन्।

शैलीविज्ञान शब्दको प्रयोग सर्वप्रथम १९ औं शताब्दीको प्रारम्भमा जर्मनी भाषामा स्टाइलिस्टिक (Stilistick) शब्दको रूपमा र पछि सन् १८७२ मा स्टाइलिस्टिक (Stylistique) शब्दको रूपमा फ्रेन्च भाषामा चार्ल्स बालीले गरेका हुन्। अङ्ग्रेजीमा चाहिँ सन् १९८२ बाट

स्टाइलिस्टिक (Stilistick) शब्दको प्रयोग हुँदै आएको पाइन्छ (शर्मा, २०४८:४) । आधुनिक युगमा शैली विज्ञानको प्रारम्भकर्ताका रूपमा भने फर्डिनान्ड डी. सस्युरलाई मानिन्छ (शर्मा, २०४८:४) । यसरी भाषा र साहित्यको सङ्गम स्थल तथा प्रयोगभूमिका रूपमा शैलीलाई दिने गरिन्छ ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम.एड. दोस्रो वर्षमा नेपा.शि. ५९८ को प्रयोजनका लागि तयार गरिएको हो । यो अध्ययन उमा सुवेदीद्वारा लिखित उपन्यास 'इति'को शैलीवैज्ञानिक अध्ययनमा आधारित छ । यो उपन्यास वि.सं.२०७३ मा प्रकाशित भएको हो । यसमा हात्ती आतङ्क र सुपारी तस्करीको कारण गाउँलेले पाएको सास्ति मुख्य विषयवस्तु विषयवस्तु रहेको छ ।

उमा सुवेदीको दोस्रो औपन्यासिक कृति 'इति' पूर्वी नेपालको दामाटार गाउँको कथा हो । छिमेकी मुलुकबाट आएका हात्तीले गाउँमा मच्चाउने आतंक र सुपारी तस्करीका कारण प्रशासनको तारो भएका गाउँलेहरूले पाउने सास्ती नै यो उपन्यासको मुख्य विषय हो । हात्तीको समस्याबाट मुक्ति प्राप्त गर्न गाउँलेहरूले अपनाएका विधि तथा सुपारी तस्करी निमिट्यान्न पार्न सरकारले गरेको प्रयासका बीच हुने राजनीतिको सुन्दर चित्र उपन्यासमा उतारिएको छ । दामाटारका माध्यमबाट उमाले सिंगो देशको कथा भनेकी छिन् ।

खेतीपातीबाट बिस्तारै पलायन हुन थालेका गाउँहरू एवं सामाजिक चेतनामा आउन थालेको परिवर्तनसँगै छिटो पैसा कमाउने उपाय अपनाउँदै जाँदा मावनीय भावनामा आएको ह्रास तथा त्यही कारणले गाउँ नै विस्थापित हुनुपर्ने यथार्थ यो उपन्यासमा चित्रण गरिएको छ । अक्षर क्रिएसनले प्रकाशनमा ल्याएको यो उपन्यासको मूल्य ३ सय रूपैयाँ छ । उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययनअर्न्तगत कथानकका आधारमा, पात्र/चरित्रका आधारमा एवम् चयन विचलन र समानान्तरका आधारमा भाषिक विश्लेषण गरिने छ । यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन यसभन्दा पहिले कोही कसैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक र उपयोगी ठहरिएको छ ।

**समस्या कथन**

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) कथानकका आधारमा 'इति' उपन्यास के कस्तो छ ?

ख) चरित्रका आधारमा 'इति' उपन्यास के कस्तो छ ?

ग) चयनका आधारमा 'इति' उपन्यास के कस्तो छ ?

घ) विचलन र समानान्तरताका आधारमा 'इति' उपन्यास के कस्तो छ ?

**अध्ययनका उद्देश्यहरू**

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहने छन् :

क) कथानकका आधारमा 'इति' उपन्यासको विश्लेषण गर्नु,

ख) चरित्रका आधारमा 'इति' उपन्यासको विश्लेषण गर्नु,

ग) चयनका आधारमा 'इति' उपन्यासको अध्ययन तथा विश्लेषण गर्नु,

घ) विचलन र समानान्तरताका आधारमा 'इति' उपन्यासको विश्लेषण गर्नु,

**अध्ययनको औचित्य तथा महत्व**

कुनै पनि विषय क्षेत्रमा गरिने अध्ययन अनुसन्धानबाट निश्चित उपलब्धि एवम् लाभ प्राप्त गर्न सकिन्छ। प्रस्तुत शैलीविज्ञानले कुनै पनि कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ। साहित्यिक कृतिमा प्रयुक्त शैली पक्षको अध्ययन गरी त्यसमा निहित सौन्दर्यात्मक पक्षको आस्वादन गर्नमा यसले सहयोग गर्दछ। उपन्यासमा दबिएर रहेका सूक्ष्म कुराको अध्ययन गर्ने हुनाले यसको महत्व रहन्छ। उक्त कृतिको शैलीवैज्ञानिक अध्ययनबाट कृतिमा प्रयोग भएका भाषिक संरचना एवम् कृतिको प्रस्तुतिगत शैलीको जानकारी हुनका साथै कृतिको अध्ययनबाट प्राप्त निष्कर्षहरूको अध्ययनबाट लेखकलाई भावी दिनहरूमा सहयोग पुग्ने देखिन्छ। त्यसैगरी औपन्यासिक कृतिहरूको अध्ययन पश्चात पाठकहरूमा पनि ज्ञान आर्जन हुन्छ। त्यसैगरी भावी अनुसन्धानकर्ता, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक आदिलाई सहयोग पुग्ने देखिएकाले यसको औचित्य एवम् महत्व रहेको देखिन्छ। शैलीवैज्ञानिक अध्ययनबाट कुनै पनि कृतिमा प्रयुक्त भाषिक पक्ष तथा संरचनात्मक ज्ञान प्राप्त हुने भएकाले यस उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट पनि त्यसमा प्रयुक्त वाक्य गठन, शब्द गठन, भाषिक चयन, विचलन र समानान्तरताका बारेमा गहिरो जानकारी प्राप्त गर्न सकिन्छ। उपन्यास नवीनतम विधा भएकाले यसको शैलीवैज्ञानिक अध्ययनबाट शिक्षणमा एकरूपता हुनका साथै यसले व्यक्तिको वैयक्तिक, मानसिक र सामाजिक विकासका लागि आवश्यक अर्न्तनिहित क्षमताको प्रस्फुटन, विकास र विस्तार गर्ने हुनाले यो ज्यादै उपयोगी मानिन्छ। अन्ततः उमा सुवेदीद्वारा लेखिएका धेरै कृतिहरूमध्ये दोस्रो कृति 'इति' एक उत्कृष्ट उपन्यास भएका कारण यसको महत्व स्पष्ट झल्किन्छ। त्यसैगरी यस उपन्यासका साथसाथै अन्य औपन्यासिक कृतिहरूको वस्तुपरक

अध्ययनबाट समालोचकीय क्षमतामा समेत सहयोग पुग्ने देखिन्छ। यसरी प्रस्तुत कृतिको यसभन्दा अगाडि तथा शैलीवैज्ञानिक विश्लेषण शीर्षकमा अनुसन्धान हालसम्म कोही कसैले नगरेको हुँदा यो नितान्त मौलिक अनुसन्धान हो। यस आधारमा भएको औचित्य तथा महत्व देखिन्छ।

**अध्ययनको परिसीमा**

यो शोध पूरा गर्नका निम्ति निम्नलिखित परिसीमामा रही उमा सुवेदीद्वारा लिखित अक्षर क्रिएशन्स, जिरो माइल, काठमाडौंद्वारा २०७३ मा प्रकाशित भएको 'इति' उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ :

क) 'इति' उपन्यासको कथानकको विश्लेषण

ख) उक्त उपन्यासका पात्र/चरित्रहरूको अध्ययन एवम् वर्गीकरण

ग) उक्त उपन्यासमा प्रयुक्त भाषिक विचलन र समानान्तरताको अध्ययन

**पारिभाषिक पद/पदावली**

यस कार्यमा पारिभाषिक शब्दहरूको प्रयोग हुने भएका कारण ती शब्दहरूको अर्थ निम्नानुसार रहेका छन् :

चयन : रोज्ने कार्य, छान्ने काम

विचलन : मानकको अतिक्रमण, क्रम निकाल्नु

शैली : भाषिक संरचना र साहित्यिक संरचनालाई जोडने कार्य

समानान्तरता : पद/पदनवली वायांश/वाक्य वा भावार्थ दोहोरिनु

शैलीविज्ञान : साहित्यको भाषावैज्ञानिक अध्ययन गर्ने प्रायोगिक भाषविज्ञानको एक शाखा

**शोधपत्रको रूपरेखा**

प्रस्तुत इति उपन्यासको शैलीवैज्ञानिक शीर्षकको शोधपत्रको रूपरेखा निम्नअनुसार छ :

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

अध्याय चार : नतिजा/परिणाम

अध्याय पाँच : निष्कर्ष तथा उपसंहार

सन्दर्भसूची

## अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### पूर्वकार्यको समिक्षा

नेपाली साहित्य क्षेत्रमा मानविकी र सामाजिक सङ्कायमा धेरै शैलीवैज्ञानिक अध्ययन भए तापनि शिक्षाशास्त्र सङ्कायतर्फ भने थोरै भएको पाइन्छ। अनुसन्धानका रूपमा शैलीवैज्ञानिक विश्लेषणहरू प्रशस्तै भेटिए तापनि नेपाली साहित्यका विभिन्न विधा, भाषा वा कृतिमा रहेर शैलीवैज्ञानिक अध्ययन अनुसन्धान कमै हुने गरेको पाइन्छ। यसै सन्दर्भमा यसभन्दा अगाडि गरिएका शोधको शीर्षकसँग सम्बन्धित पुस्तक, शीर्षक, उद्देश्य तथा त्यसबाट प्राप्त निष्कर्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पन्थी (२०६३) द्वारा नेपाली भाषा शिक्षा विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट **'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेको देखिन्छ । उक्त शोधको प्रयोजन चाहिँ कथानकको विश्लेषण गर्नु, पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु रहेको छ। शोषित, पीडित पक्षले आफ्नो अकिार, मर्यादा र प्रतिष्ठाको रक्षा गर्ने उपायको खोजी गर्ने सम्बन्धमा सचेत रूपमा जागरुक बन्न नसकी भाग्यमा विश्वास गर्ने देखिन्छ । शोषण, दमन र उत्पीडनले कथानकलाई कारुणिक बनाएको छ भन्ने निष्कर्ष निकालिएको छ।

बोहरा (२०६९) द्वारा नेपाली भाषा शिक्षा विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौंबाट **'मणिपुरको चिठी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकअन्तर्गत 'मणिपुरको चिठी' उपन्यासको कथानकको विश्लेषण गर्नु, 'मणिपुरको चिठी' उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु, भाषिक चयन, विचलन र समानान्तरताका आधारमा 'मणिपुरको चिठी' उपन्यासको विश्लेषण गर्नु रहेको पाइन्छ। प्रस्तुत शोधपत्रलाई विश्वसनीय र वैध बनाउन अध्ययन विधिका रूपमा पुस्तकालयीय विधि, खोज विधि र छलफल विधिको प्रयोग गरिएको छ। उक्त उपन्यासको कथानकमा आदि, मध्य र अन्त्यको तालमेल मिलेको, समाजमा रहेका विविध घटनालाई प्रस्तुत गर्नु, पात्र योजनामा बढी जोड दिनु, विषयवस्तुको वर्णनात्मकभन्दा चारित्रिक विशेषताहरू मार्फत कथानक अगाडि बढाउनु, सरल, सहज तथा रोचक भाषाशैलीको प्रयोग गरिएको निष्कर्ष 'मणिपुरको चिठी' उपन्यासको अध्ययनमार्फत् पाइन्छ।

खत्री (२०६९) द्वारा नेपाली भाषा शिक्षण विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुरअन्तर्गत ‘कर्णाली ब्लुज’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षको शोधकार्य गरिएको देखिन्छ । उक्त शोधमा पुस्तकालयीय विधिलाई आधार [illegible] उपन्यासलार्य सामाजिक यथार्थका साथै आञ्चलिकताको दृष्टिकोणले समेत विशलेषण गरेको पाइन्छ । यस शोधकार्यमा खत्रीले उपन्यासको कथानक कर्णाली प्रदेशमा बसोबास गर्ने निम्न तथा मध्यमवर्गका मानिसहरूको जीवन सङ्घर्षलाई देखाई समाजका यस्ता वर्गले कहिल्यै सुख पाउन नसक्ने हुनाले उपन्यास यथार्थवादी बनेको विभिन्न पत्र सुहाउँदो भाषाको चयन गरी समाजका अन्धविश्वास अनपढहरूको शिक्षाप्रतिको विचारका साथै ग्रामीण क्षेत्रको आर्थिक स्तर आदिलाई यथार्थताको ऐनामा देखाउने कोशिस गरिएको भन्ने निष्कर्ष निकालिएको छ ।

भुजेल (२०७२) द्वारा **‘लु’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्रमा कथानकका आधारमा ‘लु’ उपन्यासको कथावस्तुको सार उल्लेख गर्नु, शैलीवैज्ञानिक आधारमा ‘लु’ उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्नु रहेको पाइन्छ । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त उपन्यासमा त्यहाँका मानिसहरूले भोग्नु परेको दुःख, कष्टलाई उतारिएको पाइन्छ । उपन्यासमा छोटा, छरिता वाक्यहरूको गठन गरी भाषालाई सरल, सहज रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरी त्यहाँको तत्कालीन जनजीवनको यर्थाथबोध गराइएको छ ।

रेग्मी (२०७२) द्वारा नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पसअर्न्तगत ‘विभाजित समय’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त उपन्यासको उद्देश्यहरू कथानकका आधारमा ‘विभाजित समय’ उपन्यासको विश्लेषण गर्नु, चरित्रका आधारमा ‘विभाजित समय’ उपन्यासको विश्लेषण गर्नु, चयनका आधारमा ‘विभाजित समय’ उपन्यासको विश्लेषण गर्नु, विचलन र समानान्तरका आधारमा समेत उक्त उपन्यासको विश्लेषण गर्नु रहेको पाइन्छ । यस अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख आधार बनाइएको पाइन्छ । ‘विभाजित समय’ उपन्यासमा समाजका जल्दाबल्दा समस्याहरूको प्रतिविम्ब उतारिएका कारण सामाजिक यथार्थवादी उपन्यासका रूपमा स्थापित भएको, मानिसले गर्ने सानो गल्ती वा असावधानीका कारण आफू लगायत सिङ्गो परिवार नै सेवा सुविधाको खोजीमा पहाडि क्षेत्रबाट तराई क्षेत्रमा बसाइँ सरी जाँदा भोग्नुपरेका समस्याको चित्रण गरिएको, सामाजिक सांस्कृतिक एवम् राजनीतिक आदि पक्षको चित्रण गरिएको, उपन्यासको कथानक वृत्तकारीय ढाँचामा प्रस्तुत भएको साथसाथै आन्तरिक र बाह्य समानान्तरताको समुचित विन्यासले उपन्यासको भाषाशैली सरल, सहज,

आकर्षक, मिठासयुक्त र प्रभावकारी भएको निष्कर्ष 'विभाजित समय' उपन्यासको अध्ययन मार्फत निकालेका छन् ।

भुर्तेल (२०७२) द्वारा नेपाली भाषा शिक्षण विभाग जनता बहुमुखी क्याम्पस इटहरीअन्तर्गत 'सेतो धरती' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेको देखिन्छ । उक्त शोधपत्रको प्रयोजन उक्त उपन्यासको विश्लेषण गर्नु, फ्रेटागको पिरामिडको आधारमा उक्त उपन्यासको कथानकको विकासक्रमको विश्लेषण गर्नु, उक्त उपन्यासमा रहेको भाषिक विशिष्टताको विश्लेषण गर्नु रहेका छन् । बालविधुवा जस्तो समाजको यथार्थ घटनालाई सबै सामु प्रस्तुत गर्नु, छोरीको सानैमा विवाह गरे स्वर्गको बाटो खुल्ने, छोरा जन्मने, जन्मेका छोरा बाँच्ने जस्ता पुरो मानसिकताले गदा बाल्यावस्थामा विधुवा भएर कष्ट जीवन व्यतित गर्नुपर्ने यस्तो जघन्य अपराध कसैले पनि गनुहुँदेन भन्ने निष्कर्ष निकालिएको छ ।

रावल (२०७३) द्वारा नेपाली भाषा शिक्षा विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौंबाट **'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरिएको छ। उक्त शोधपत्रका उद्देश्यहरू 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त शब्द र वाक्य चयनको अध्ययन गर्नु, 'प्रेतकल्प' उपन्यासमा अग्रभूमि निर्माणको खोजी गर्नु, 'प्रेतकल्प' उपन्यासमा अग्रभूमि निर्माणको भाषिक सौन्दर्यात्मक भूमिकाको अध्ययन गर्नु रहेको पाइन्छ। यस अध्ययन विधिमा पुस्तकालय विधिको अवलम्बन गरिएको छ। वर्णनात्मक तथा विश्लेषणात्मक विधि तथा पद्धतिलाई उपयोगमा ल्याइएको छ। प्राथमिक स्रोतका रूपमा प्रेतकल्प उपन्यास र द्वितीयक सामग्रीका रूपमा विभिन्न पाठ्यपुस्तक, पत्रपत्रिका जर्नल शोधपत्र आदिलाई उपयोगमा ल्याइएको छ ।

प्रस्तुत 'प्रेतकल्प' उपन्यास वि.सं. २०६५ सालमा प्रकाशित भएको यथार्थवादी पृष्ठभूमिमा लेखिएको सामाजिक उपन्यास रहेको। राणाशासन कालीन नेपाली समाजको यथार्थ चित्रण गरिएको, निरङ्कुश राणाशासन नेपाली जनताका लागि प्राणघातक क्यान्सर रोग जस्तै घातक भएको अध्ययनगत निष्कर्ष निकाल्दै 'प्रेतकल्प' उपन्यासमा आन्तरिक र बाह्य समानान्तरताको प्रयोगले उपन्यास रोचक, आकर्षक जीवन्त र प्रभावकारी भएको निष्कर्ष निकालेका छन् ।

यसरी हेर्दा उल्लेखित शीर्षकमा अध्ययन कार्य सम्पन्न भए पनि उमा सुवेदीद्धारा लिखित 'इति' (२०७३) उपन्यासको शैलीवैज्ञानिक अध्ययन हालसम्म कसैबाट पनि अध्ययन भएको नदेखिएको हुनाले यो अध्ययन नयाँ रहेको छ ।

**पूर्वकार्यको उपयोगिता र कार्यान्वयन**

कुनै पनि विषय क्षेत्रमा गरिएको पूर्व अध्ययन अनुसन्धान एवम् विश्लेषणबाट आएका निष्कर्षले शोधार्थीहरूलाई आफ्नो शीर्षकका सम्बन्धमा थप ज्ञान प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ । अनुसन्धानले अध्ययन गर्न खोजेको विषय शीर्षकसँग सम्बन्धित पूर्वअनुसन्धानको अध्ययनमार्फत प्राप्त सुझावका आधारमा आफ्नो शोधकार्यलाई सहज रूपमा सम्पन्न गर्न ठूलो सहयोग पुग्ने देखिन्छ। प्रस्तुत शोधकार्य 'इति' उपन्यासको शैलीवैज्ञानिक अध्ययन भएकाले माथि उल्लेख गरिएको पूर्वकार्यको समीक्षालाई उपयोग गरिएको छ । यसरी त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअर्न्तगत भए गरेका अध्ययनले उक्त अध्ययनलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सम्पन्न गराउन उपयुक्त मार्गदर्शनको भूमिका हुने कुरा बुझिन्छ ।

प्रस्तुत शीर्षकमा शैलीवैज्ञानिक अध्ययन गर्न मोहनराज शर्माको शैलीवैज्ञानिक पारसमणि भण्डारी, रामनाथ ओझा, डोलराज अर्यालको भाषिक अनुसन्धान विधि, विष्णुप्रसाद शर्माको पारसमणि भण्डारीको प्रायोगिक भाषाविज्ञान, माधवप्रसाद पौडेल र अन्यको प्रायोगिक भाषाविज्ञानको प्रमुख आयाम पाठयांश एवम् ऋषिराज रेग्मीको 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ममता भुजेलको 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, हरि बहादुर बोहराको 'मणिपुरको चिठी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन र कर्णबहादुर रावलको 'प्रेतकल्प' आदिको शैली विश्लेषण सम्वन्धी अप्रकाशित शोधपत्रको गहन रूपमा अध्ययन गरिएको छ । यसरी पूर्वकार्यको अध्ययनबाट निम्न लिखित कार्यमा सहयोग पुग्ने देखिन्छ :

अध्ययनको सैद्धान्तिक धारणा निर्माण,

समस्यालाई विशिष्टीकरण गर्न,

उद्देश्य निर्माण गर्न,

शीर्षकको पुनरावृत्ति हुनबाट जोगाउन,

विधि निर्धारणमा सहयोग एवम् तथ्याङ्क सङ्कलनका आवश्यक स्रोत पहिचान गर्न आदि । त्यसैले माथि उपभोग गरिएका पूर्वकार्यको उपयोगिता र कार्यान्वयन प्रस्ट हुन्छ ।


विभिन्न खण्डकाव्य, कथा, निबन्ध, गीतिनाटक तथा उपन्यास आदि विधाहरूको समय समयमा शैलीवैज्ञानिक अध्ययन अनुसन्धान भए तापनि औपन्यासिक कृतिमा धने अन्य क्षेत्रका तुलनामा कम मात्रामा अध्ययन भएको पाइन्छ । तसर्थ उमा सुवेदीद्वारा लिखित 'इति' (२०७३) उपन्यासको कोही कसैबाट शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण नगरिएकाले यो प्रथम, मौलिक तथा नितान्त नयाँ अध्ययन हुने भएकाले यस अध्ययनको उपयोगिता स्वतः सिद्ध देखिन्छ ।

प्रस्तुत 'इति' (२०७३) उपन्यासको शैलीविश्लेषणबाट शैलीविज्ञान सम्वन्धी सैद्धान्तिक अवधारणा सम्बन्धी स्पष्ट हुनु शिक्षक, विद्यार्थी तथा अन्य पाठकवर्गलाई समेत उक्त कृतिमा प्रयुक्त भाषिक विशिष्टताको पहिचान गर्न एवम् कृति लेखकहरूलाई कुनै पनि कृतिको विश्लेषणबाट निस्केको निष्कर्षलाई मध्यनजर गर्दै कृतिमा रहेका कमी कमजोरी सुधार गर्न साथै शुद्ध र मानक भाषाको प्रयोग गरी कृति सिर्जना गर्न कार्यान्वयन पक्ष र नीति निर्माणका तहमा महत्वपूर्ण आधार प्रस्तुत गर्न सक्छ । त्यसैगरी कुनै पनि साहित्यिक कृतिको शैली विश्लेषण गर्न चाहने समालोचक वर्गका लागि पनि निकै उपयोगी सावित हुनेछ ।

## सैद्धान्तिक संरचना

### कथानकको विकासक्रम

कथानक भन्नाले कुनै पनि कृतिको कथावस्तुको रूपमा आउने विषय हो । कथानक कृति विश्लेषणको महत्वपूर्ण आधार हो । कृतिकारले आफ्नो कृतिमा विभिन्न घटना उपघटनाहरूलाई क्रमिक रूपमा सिलसिलाबद्ध ढङ्गले मिलाएर राखेको पाइन्छ । कथानकमा नै श्रष्टाले आफ्नो विचार, बौद्धिकता, धारणा अभिव्यक्ति गरेको हुन्छ । कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण भएको कथानक मा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ (भण्डारी, २०६६:२३८) । 'इति' उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार देखाउन सकिन्छ । फ्रेटागको पिरामिड अनुसार कथानकको विकासक्रमलाई पाँच चरणमा विभाजन गरेर अध्ययन गरिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




(शर्मा, २०४८:१७१)

कथानकको स्रोत जुनसुकै भएपनि यसको विन्यास दुई किमिमले संयोजन गरिएको हुन्छ । जसमा रैखिक र वृत्तकारिय पर्दछन् । यहाँ रैखिक ढाँचामा प्रस्तुत भएका कथानकलाई आदि, मध्य र अन्त्यको ढाँचामा अध्ययन गर्न सकिन्छ । फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमलाई तल प्रस्तुत गर्न सकिन्छ :

**चिनारी**

कथानक विकासको प्रारम्भिक अवस्था नै चिनारी हो । यो कथानक विकासको पहिलो अवस्था हो । यस भागमा कृतिभित्रका मुख्य पात्रहरूको र कृतिभित्रको समस्या तथा परिवेशका साथै पात्रहरूका सङ्घर्षको जानकारी प्रस्तुत गरिएको हुन्छ ।

**सङ्घर्ष विकास**

सङ्घर्ष विकास कथानक विकासको दोस्रो अवस्था हो । कुनै आकस्मिक परिस्थितिका कारण पात्रहरूका सामु नौलो समस्या उत्पन्न हुन्छ । पात्रहरूमा सङ्घर्ष हुन थाल्दछ । त्यसपछि कृतिभित्र प्रथम पटक सङ्कटावस्थाको विजारोपण हुन्छ (शर्मा, २०४८) ।

**चरण**

चरण कथानक विकासको तेस्रो अवस्था हो । सुरूमा सङ्कटावस्थाको श्रृङ्खलाको कारण कथानकलाई उच्च बिन्दुमा पुऱ्याउने काम गर्दछ  र पछि गम्भीर अवस्था सिर्जना गरिदिन्छ । साथै प्राप्त सन्देशहरूबाट पाठकहरूको मनमा उथल पुथल गराई नयाँ सम्भावना तथा स्वरूप लिने भएकाले यो अवस्थालाई सबैभन्दा महत्वपूर्ण र गम्भीर अवस्था मानिन्छ ।

**सङ्घर्षह्रास**

यो कथानक विकासको चौथो अवस्था हो । कथानक चरमोत्कर्ष रूपबाट बिस्तारै ह्रासोन्मुख बाटोतिर लाग्नु नै ह्रास हो । यस अवस्थामा द्वन्द्व र सङ्घर्ष कम भएर घटनाहरू फल प्राप्तितिर उन्मुख हुन्छन् । यस अवस्थामा चर्को सङ्घर्ष शिथिल भई कुनै कार्य निर्माणका निम्ति सङ्घर्ष कार्य समाप्त हुन पुग्छ ।

यो कथानक विकासको अन्तिम अवस्था हो । यस अवस्थामा व्यस्त पात्रहरूको सङ्घर्षशील अवस्था बाँकी रहेको हुँदैन । पात्रहरूले आफ्नो सङ्घर्ष अनुसारको फल प्राप्त गर्दछ र समस्याको समाधान हुन्छ ।

**पात्र/चरित्रको वर्गीकरण एवम् विश्लेषणका आधार**

चरित्रका आधारहरू विभिन्न हुने गरेको भए तापनि मोहनराज शर्माले शैली विज्ञानमा काव्यात्मक कृतिमा पात्रहरू शैली विज्ञानमा काव्यात्मक कृतिमा पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्ने क्रममा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारहरू अघि सारेका छन् (शर्मा, २०४८:१७४, १४६) । यिनै आधारहरूलाई आधार मानी तल संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

**लिङ्गका आधारमा**

लिङ्ग भन्नाले चरित्रको शारीरिक जात छुट्याउने आधार हो । लिङ्गका आधारमा पनि पात्रहरूको मानसिक स्वभावमा भिन्नता देखिने गर्दछ । लिङ्गका आधारमा पात्रहरू दुई किसिमका हुन्छन् (शर्मा, २०४८: १७४) । अन्य आधारका सहायताबाट नायक, नायिका, खलनायक, खलनायिका, सहानायक, सहनायिका आदिका आधारमा पनि छुट्याउन सकिन्छ ।

**कार्यका आधारमा**

उपन्यासमा प्रयोग गरिने पात्रहरूको भूमिका बेग्लाबेग्लै हुने भएकाले यसलाई मुख्य, गौण र सहायक गरी विभाजन गर्न सकिन्छ । कथावस्तुको सुरूदेखि अन्त्यसम्म प्रमुख भूमिका निर्वाह गर्ने पात्रलाई मुख्य पात्रका रूपमा लिइन्छ भने त्यसभन्दा घटि कार्य गर्ने पात्रलाई सहायक पात्रका रूपमा लिइन्छ । त्यसैगरी सहायक पात्रभन्दा पनि कम भूमिका हुने एवम् बीचबीचमा देखापर्ने हराउने पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ (शर्मा, २०४८: १७४) ।

**प्रवृत्तिका आधारमा**

प्रवृत्तिका आधारमा पात्रहरूलाई अनुकुल र प्रतिकुल गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । अनुकुल पात्रहरूलाई नायक/नायिका र प्रतिकुल पात्रहरूलाई खलनायक/खलनायिका पनि भनिन्छ । अनुकुल पात्रहरू उपन्यासको भूमिका, विचार, भाव, कार्य सबैमा सकारात्मक देखिन्छन् भने प्रतिकुल पात्रहरू सबै पक्षमा नकारात्मक देखिन्छन् (शर्मा, २०४८:१७४) ।

**स्वभावका आधारमा**

आख्यानात्मक कृतिका पात्रहरूमा कोही बदलिदो स्थितिअनुसार कोही नबदलिने स्वभावका भने कोही चाहिँ बदलिँदो स्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् । स्थितिअनुसार बदलिने पात्र गतिशील हुन्छन् भने स्वभाव, सिद्धान्त र जीवनलाई परिस्थिति अनुसार परिवर्तन ल्याउने पात्रलाई गतिहीन पात्र भनिन्छ ।

**जीवनचेतनाका आधारमा**

जीवनचेतनाका आधारमा पात्रहरू व्यक्तिगत र वर्गीय गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८:१७४) । वर्गीय पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्दछ भने व्यक्तिगत पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नै मात्र प्रतिनिधित्व गर्छ ।

**आसन्नताका आधारमा**


आख्यानात्मक कृतिमा आसन्नताका आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्चीय पात्र गरी दुई प्रकारका हुन्छन् (शर्मा, २०४८: १७५) । कृतिमा प्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्ने पात्र मञ्चीय पात्र हो भने कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रलाई नेपथ्य पात्रका रूपमा लिइन्छ ।

**आबद्धताका आधारमा**

आबद्धताका आधारमा पात्रहरूलाई बद्ध र मुक्त गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । कथानकसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएर आएका पात्रहरू बद्ध पात्र हुन भने, कथानकसँग प्रत्यक्ष सम्वन्ध नराख्ने पात्रहरू मुक्त पात्र हुन् (शर्मा, २०४८: १७५) ।

**कृति विश्लेषणका शैलीवैज्ञानिक आधार/प्रक्रिया**

कुनै पनि साहित्यिक कृतिको आधारभूत सामग्री भाषा हो भने त्यसै भाषाका रूप सौन्दर्यात्मक पक्षको अध्ययन के, कसरी गरिन्छ भन्ने सन्दर्भशैली विश्लेषण प्रक्रिया कला सामग्रीको तह, कला माध्यमको तह र कला प्रतीकको तह गरी तिन तहमा रही गरिन्छ । शैली विश्लेषणका आधार/प्रक्रियालाई निम्नानुसारका रेखाचित्रमा प्रस्तुत गरी देखाउन सकिन्छ :



| | | |
|---|---|---|
| | बुनोट | |
| शैली | चयन | विचलन |
| | अग्रभूमि निर्माण | समानान्तरता |
| | विविधता | |
| भाषिक संरचना | ध्वनि व्यवस्था | |
| | शब्द भण्डार व्यवस्था | |
| | व्याकरण व्यवस्था | |

**साहित्यिक संरचना**

प्रत्येक साहित्यिक कृतिको मौलिक वा निजी संरचना हुन्छ । संरचना भनेको कुनै वस्तुमा पाइने साना वा लघु घटकहरूको अन्वितिपूर्ण योग हो । साहित्यिक कृतिको संरचना विभिन्न लघु घटकको संयोजनबाट निर्माण हुने भएकाले यसलाई बृहत घटक भनिन्छ (पौडेल, २०६९:४७) । साहित्यिक संरचनाका घटकहरू दुई किसिमका छन्, जसलाई तल प्रस्तुत गरिएको छ :

**बनोट**

कृतिमा पाइने साना घटकहरूको कुल योग नै बनोट हो । यसभित्र विभिन्न घटकहरू रहने गर्दछन् । जस्तैः अङ्क, दृश्य, भाग, संवाद, परिच्छेद, प्रसङ्ग घटनाखण्ड आदि पर्दछन् । शैलीविज्ञानले यिनै साना घटकहरूको वर्णन-विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्दछ (शर्मा, २०४८:९६) ।

**बुनोट**

साहित्यिक कृतिभित्र आएका बनोट अङ्गहरूलाई बुन्ने कामलाई बुनोट भनिन्छ (शर्मा, २०७०:९६) । कृतिमा प्राप्त हुने शृङ्गार योजना, छन्द-विधान, प्रतीक-व्यवस्था, विम्ब-विधान, चरित्र-कथन, घटक-संयोजन आदिको वर्णन विश्लेषण गरेर शैलीविज्ञानले बुनोटको विवेचना गर्छ ।

**भाषिक संरचना**

साहित्यिक कृतिको माध्यम र आधार भाषिक संरचना हो, यस अर्न्तगत तिनओटा संरचना पर्दछन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

**ध्वनि वा वर्ण व्यवस्था**

खण्डीय र खण्डेत्तर वर्ण वा ध्वनि उच्चारणका कुराहरूको अध्ययन ध्वनि पहिचान र वर्ण विज्ञानका सहायताले कृतिगत वर्ण व्यवस्थाको बयान र विश्लेषण गरिन्छ (पौडेल, २०६९: ४६)।

**शब्दभण्डार व्यवस्था**

कृतिमा रहेका जम्मा शब्द सङ्ख्या, शब्दहरूको स्रोत र प्रकार, कार्य र तिनका सम्बन्धहरूको यस अर्न्तगत पर्दछन्। यसमा रूप विज्ञान र अर्थ विज्ञानको सहायताले कृतिगत शब्द भण्डार व्यवस्थाको बयान विश्लेषण गरिन्छ।

**व्याकरण व्यवस्था**

कृतिहरूको व्याकरणिय व्यवस्थालाई यसमा हेर्ने गरिन्छ। रूपायन र व्युत्पादन प्रक्रिया, पदसङ्गति, पदावलीको निर्माण, उपवाक्य र वाक्य, व्याकरणात्मक कोटिहरू, रूपानन्तरण प्रक्रिया तथा तिनीहरूको कार्यको समीक्षा र मूल्याङ्कन व्याकरण व्यवस्थाभित्र गरिन्छ। यस अर्न्तगत रूपविज्ञान र वाक्य विज्ञानले सहयोग लिइन्छ।

**शैली**

शैली भन्नाले रीति, ढङ्ग, ढाँचा भन्ने बुझिन्छ। शैली मनमा उद्वेलित भावनाहरूलाई प्रस्तुत गर्ने तरिका हो। शैलीले कृतिभित्रका भाषिक तहहरूलाई जोड्ने काम गरेको हुन्छ। यसलाई साहित्यिक र भाषिक संरचनाको हेतुका रूपमा लिइन्छ। साथै कृतिमा बाह्य र आन्तरिक तथा मूर्त अमूर्त पाटाहरूको अध्ययन विश्लेषण गर्ने काम शैलीवैज्ञानिक अध्ययन हो। शैली अर्न्तगत विभिन्न उपकरणहरू रहेका हुन्छन्। यस्ता उपकरणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**क) चयन र विकल्पन**

विकल्पको अर्थ यो वा अन्य भन्ने हुन्छ भने चयनको अर्थ बनोट हो। भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, शब्द, पदावली, वाक्य, शैली तथा अर्थगत व्यापकताबाट आवश्यकता अनुसार खास खास एकाइको छनौट गर्नु नै चयन हो। चयनमा एउटाको कार्यका लागि अर्काले पनि काम चलाउने स्थिति हुनु आवश्यक छ। चयनको मूल उद्देश्य भनेको कृतिभित्र नवीनता सिर्जना गर्नु

हो । विभिन्न विकल्पहरूमध्ये उपयुक्त विकल्पको छनोटलाई चयन गरिन्छ (भण्डारी, र अन्य, २०६८:३६) ।

**ख) अग्रभूमि निर्माण**

रचनाको कुनै पनि अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो (शर्मा, २०४८:१०) । अग्रभूमिको प्रस्तुति पश्चभूमि वा मध्यभूभिन्दा बढी मुखर, सुस्पष्ट र ध्यानाकर्षण हुन्छ । परम्परित भाषिक प्रयोग सहज र रूढ हुने हुँदा त्यसमा सौन्दर्यको कमी रहन्छ, त्यसैले साहित्यमा परम्परागत भाषामा नवीनता र विशेषता सिर्जना गरेर साहित्यको सौन्दर्य निर्माण गरिन्छ । वास्तवमा अग्रभूमि निर्माणले पाठक वा स्रोतमा आकर्षण उत्पन्न गर्दछ ।

कला वा चित्रकारिताका क्षेत्रमा प्रचलित अग्रभूमि निर्माणको प्रथम प्रयोग गर्ने व्यक्ति प्राग सम्प्रदायका भाषाविद् मुकारोब्स्कीले सन् १९३० मा गरेका हुन् । उनका अनुसार यसले भाषा प्रयोगमा अस्वचालन, अपरिचयीकरण गराई सौन्दर्य र नवीनता सिर्जना गर्दछ । कृतिकारले आफ्ना कृतिको अग्रभुमिको निर्माण निम्नलिखित दुई तरिकाबाट गर्दछन् :

**समानान्तरता**

भाषा प्रयोगको नियमित पुनरावृतिलाई समानान्तरता भनिन्छ (शर्मा, २०४८:१०) । विचलनको विपरीत धर्मका रूपमा देखापर्ने उपकरण नै समानान्तरता हो । विचलन अनियमितता हो भने समानान्तरता चाहिँ आन्तरिक नियमितता हो । समानान्तरताको प्रयोग भाषाका विभिन्न छन्द, अलङ्कार, अक्षर, रूपिम, शब्द, पदावली, उपवाक्य, वाक्य तथा सङ्कथनमा हुने गर्दछ । भाषिक एकाईका तहमा हुने यस प्रकारको समानान्तरताले साहित्यिक अभिव्यक्तिमा विशिष्टता झल्काउँछ । समानान्तरता निम्नलिखित दुई किसिमका हुन्छन् :

**अ) बाह्य समानान्तरता**

भाषिक तत्वहरूको पुनरावृतिबाट सिर्जित हुने समानान्तरता बाह्य समानान्तरता हो । बाह्य समानान्तरता भाषाका वर्ण, रूप, शब्द, पदावली, वाक्य तथा लयात्मक स्वरूपको पुनरावृत्तिका रूपमा देखा पर्छ । जस्तैः (क) चुत्थो चोरले चार पैसा चोर्छ । यस वाक्यमा 'च' वर्णको पुनरावृत्त भएको छ ।

(ख) कस्ले बिगार्छ विशेष फलामलाई ?

कस्ले बिगार्छ विशेष फलामलाई ?

यसमा वाक्यगत आवृत्ति भएको छ ।

**आ) आन्तरिक समानान्तरता**

भावार्थ वा वाच्यार्थका बिचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानान्तरतालाई आन्तरिक समानान्तरता भनिन्छ (पौडेल, २०६९:५३) । भावार्थ र वाच्यार्थको आवृत्तिबाट साहित्यिक संरचनामा आन्तरिक संरचनाको सिर्जना हुन्छ । यस प्रकारको समानान्तरता कृतिको अर्थतात्विक तहमा अभिव्यक्त हुन्छ । जस्तैः जुनले मन तान्छ, त्यसैलाई हेरिरहुँ जस्तो लाग्छ । यसमा मन तान्नु र हेरिरहुँ जस्तो लाग्नुमा भावार्थको पुनरावृत्त भएको छ ।

**विचलन/विपथन**

भाषामा प्रयुक्त हुने भाषिक नियमको अतिक्रमण वा उलङ्घन हुनुलाई विचलन भनिन्छ । मानक भाषाको प्रयोगबाट विचलित हुनुलाई विचलन भन्न सकिन्छ। यो निरूद्देश्य र निरर्थक नभई सोद्देश्य र सार्थक हुनु जरूरी मानिन्छ (पौडेल, २०६९: ५०) ।

चलन चल्तीमा भएको कुराबाट घट्नु नै विचलन हो। परम्परागत प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने भएकोले यसलाई विचलन भनिन्छ (शर्मा, २०४८:११) । विचलन विभिन्न प्रकारका हुन सक्ने भए पनि खासमा निम्नलिखित सात प्रकारभित्र कैद गर्न सकिन्छ :

**क) कोशीय विचलन**

सामान्य भाषिक प्रयोगमा नआएका र शब्दकोशमा समावेश नभएका नयाँ शब्दहरूको निर्माण गरी प्रयोग गर्नुलाई कोशीय विचलन भनिन्छ, जस्तै : गोब्रिलो, मान्द्रिलो, गुन्द्रिलो, फूलारो, बनेली आदि ।

**ख) व्याकरणिक विचलन**

लिङग, वचन, पुरूष, काल, पदक्रम आदिमा विचलन देखिनु व्याकरणिक विचलन हो । जस्तैः- बहिनी आउँछे कि भनेर उनी पर्खिरहदो हो । (वचन विचलन)

आयो दशैं घरघरै (पदक्रम विचलन) मनै त्यहाँ गएको हो । (पुरुष विचलन)

**ग) ध्वनि वा वर्ण विचलन**

खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तर वर्णगत विचलन हो ।

जस्तैः- म घोडा चढेर जान्छु ।

**घ) लेख्य प्रक्रियागत विचलन**

शब्द लेखाइका सन्दर्भमा देखिने विचलन लेख्य प्रक्रियागत विचलन हो । शब्द लेखाइका सन्दर्भमा देखिने विचलनलाई यस अर्न्तगत राखिन्छ ।

जस्तै :- तल - त ल माथि - मा थि

**ङ) अर्थगत विचलन**

अर्थमा हुने विचलन देखिनुलाई नै अर्थगत विचलन भनिन्छ ।

जस्तैः- आज त हिमाल मुसुक्क हाँस्यो ।

**च) भाषिक विचलन**

विभिन्न भाषिकाको प्रयोगबाट देखिने विचलन भाषिक विचलन हो ।

| भाषिका | भाषा |
|---|---|
| अर्नी | खाजा |
| बल्ल | गोरू |
| ओलन | दूध |

**छ) प्रयुक्तिगत विचलन**

एउटा परिस्थिति वा प्रसङ्ग अनुरूप भाषाको अर्को परिस्थिति वा प्रसङ्ग प्रयोग गर्नु नै प्रयुक्तिगत विचलन हो ।

जस्तैः

- लामखुट्टेहरू गाउँछन् यी उपियाँ नाच्छन् म हेर्छु बसी ।
- जङ्गलबासी भयङकर डाकाहरू शीत ऋतुमा किराहरूको संहार गर्दछन् ।

**ग) विविधता**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्छन् र यिनै भेदहरूलाई विविधता भनिन्छ (शर्मा, २०४८:११) । स्रष्टाले सिर्जना गरेका कृतिहरूमा जतिसक्दो प्रभावकारी र आकर्षक बनाउन भाषा तथा अन्य विविध खालका उपकरणको प्रयोग गरेका हुन्छन् ।

माथि उल्लेख गरिएका सैद्धान्तिक आधारहरूमध्ये फ्रेटागको पिरामिड अनुसार कथानकको विश्लेषण गरिएको छ भने लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा 'इति' उपन्यासको कथानकमा प्रयुक्त पात्रहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । त्यसैगरी चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

### अध्ययनको संरचना

प्रस्तुत 'इति' उपन्यासको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिन्छ। उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ। यो गुणात्मक प्रकृतिको अध्ययन हो। त्यसैगरी पुस्तकालयमा उपलब्ध भएका शैली विश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख, रचना, समालोचनात्मक काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दोजुल्दो शोधपत्रहरूको अध्ययन तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ। यस उपन्यासभित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडका आधारमा वर्गीकरण गरी देखाइने छ। पात्र चरित्रको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ।

### जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययन जनसङ्ख्याका रूपमा सोही 'इति' उपन्यासलाई मानिएको छ भने उपन्यासभित्र राखिएका पात्रहरू नमुना मानिएको छ।

### तथ्याङ्क सङ्कलनका साधन

यस अध्ययनमा निम्नलिखित दुई स्रोतलाई उपयोग गरिएको छ :

#### प्राथामिक स्रोत

अध्ययन अनुसन्धानका कार्यमा प्राथमिक स्रोतका रूपमा 'इति' उपन्यासलाई लिइएको छ। त्यसैगरी आवश्यक मात्रामा सम्बन्धित कृतिका लेखक तथा समालोचकको समेत सल्लाह सुझावलाई आत्मसात् गरिएको छ।

#### द्वितीयक स्रोत

यस अनुसन्धानमा द्वितीयक स्रोतका रूपमा 'इति' उपन्यासको शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित विभिन्न साहित्यकार एवम् समालोचकका लेख रचना र समालोचनात्मक ग्रन्थहरू, पत्रपत्रिकाहरू शैलीविश्लेषण सँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ।

### तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा 'इति' उपन्यासको अध्ययन तथा विश्लेषणका क्रममा पुस्तकालयीय कार्यलाई विशेष स्थान दिइएको छ।

**तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया**

इति' उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ । यसमा 'इति' उपन्यासको कथानकको विश्लेषण गर्नु र उक्त उपन्यासका पात्र/चरित्रहरूको अध्ययन एवम् वर्गीकरण गरिएको छ भने उक्त उपन्यासमा प्रयुक्त भाषिक विचलन र समानान्तरताको अध्ययन गरिएको छ । आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञहरूसँग समेत सल्लाह सुझाव लिएर संरचनात्मक शैली विज्ञानको विश्लेषणात्मक पद्धतिलाई आत्मसात गरेर तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## अध्याय चार : नतिजा/परिणाम

### उपन्यासको कथावस्तुको विश्लेषण


### कथानक

उमा सुवेदीद्वारा लिखित 'इति' (२०७३) उपन्यासको बाह्य संरचनालाई हेर्दा मझौला आकारमा संरचित भएको देखिन्छ। छयालीस अङ्कमा विभाजित गरिएको यो उपन्यास २१९ पृष्ठमा संरचित छ। उमा सुवेदीको दोस्रो औपन्यासिक कृति 'इति' पूर्वी नेपालको दामाटार गाउँको कथा हो। छिमेकी मुलुकबाट आएका हात्तीले गाउँमा मच्चाउने आतंक र सुपारी तस्करीका कारण प्रशासनको तारो भएका गाउँलेहरूले पाउने सास्ती नै यो उपन्यासको मुख्य विषय हो। हात्तीको समस्याबाट मुक्ति प्राप्त गर्न गाउँलेहरूले अपनाएका विधि तथा सुपारी तस्करी निमिट्यान्न पार्न सरकारले गरेको प्रयासका बीच हुने राजनीतिको सुन्दर चित्र उपन्यासमा उतारिएको छ। अक्षर क्रिएसनले प्रकाशनमा ल्याएको छ।


### कथानकको विकासक्रम

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो। आङ्गिक दृष्टिले पूर्ण भएको कथानकमा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ। जसलाई निम्न अनुसार देखाउन सकिन्छ :

कथानकका अङ्गहरू



उक्त कथानकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट फ्रेटागले 'टेक्निक अफ द ड्रामा' (१८६३) भन्ने ग्रन्थमा कथानकको विकासक्रम (अवस्था) को उल्लेख गरेका छन् । फ्रेटागको सूचीस्तम्भ तलतिर फराकिलो र माथितिर साँघुरिँदै गएको छ । यसलाई फ्रेटागको पिरामिड भनिन्छ ।




(शर्मा, २०४८:१७१)

फ्रेटागका अनुसार '**इति**' कथाको कथानकको विकासक्रमलाई निम्नानुसार देखाइन्छ :

**आरम्भ/चिनारी**

क) दामाटार गाउँ कर्णराजले बसाउनु,

ख) कर्णराजले विद्यालय बनाउनु, त्यो स्कुलको नाम कर्णराज हुनु,

ग) वर्षा र कल्पनाका बुबा बाँदर खोज्न जानु,

घ) वर्षा बाह्र वर्षपछि गाउँ फर्किनु,

ङ) गाउँ फर्कदा पहिलेको दामाटार र अहिलेको विजय बजार हुनु,

च) गाउँमा धने काका बाँदरको बली दिनका लागि धाँमी बस्नु,

छ) वर्षा धने काकाले बुबाले ल्याएको बाँदरको बली दिएपछि बेहोस हुनु,

**सङ्घर्ष विकास**

क) वर्षा र मिलन एउटै कक्षामा पढ्नु,

ख) वर्षा छुच्ची हुनु तर मिलनको स्वभाव राम्रो हुनु,

ग) कर्णराजको स्कुललाई भगवानदास साहुले २० लाख दिएर स्कुलको नाम परिवर्तन गराउनु,

घ) चिनीराजले दामाटारमा खेती गर्न छोडेर सुपारी खेती गर्न सुरु गर्नु,

ङ) रिठ्ठे पं. हरिप्रसादको हली हुनु,

च) हरिप्रसाद र बाटुलीको अवैध सम्बन्धबाट जगतेको जन्म हुनु,

छ) कल्पना र वर्षाका बाबुले वरफेदे काइलीलाई दोस्री श्रीमती बनाउनु खोज्नु तर कल्पनाले यो कुराको विरोध गर्नु,

ज) भगिरथ काकाले बेठी लगाएर रोपाई गर्नु,

**मध्य/चरम**

क) वर्षा स्कुल जान भनी नयाँ फ्रक लगाएर हिँड्नु तर स्कुल नभई फिल्म सुटिङ हेर्न जानु घर फर्कन राती भएपछि बाबुले भाटा लगाउनु,

ख) वर्षाले भक्तिनी आमैको काँक्रो चोरेर खानु, आमैले सराप्नु तर उनको मृत्यु पनि हुनु,

ग) मिलन र वर्षा अंगेरी खान जाँदा शिवजीको कथा सुनाउनु

घ) कथामा शिवजीले गणेशको टाउको काटेर हात्तीको टाउको जोडिदिएको र आफ्ना पुर्खाको टाउको खोज्न दामाटारमा हात्ती आउने गरेको कथा सुनाउनु,

ङ) साँझ परेपछि दामाटारमा हात्ती आतङ्क हुनु, मिलन सानु भए पनि पुल्ठो बोकेर हात्ती खेदाउन सफल हुनु,

च) भीमबहादुर राईको जेठो छोरो इलाम क्याम्पस पढेर घर फर्किंदै गर्दा बाटामा गाडी पल्टिएर मृत्यु हुनु,

छ) दामाटारमा त्रिशुल बाबा आएर चमत्कार देखाउनु, गाउँलेको सम्पत्ति दोब्बर बनाइदिन्छु भनी लिनु र केही दिनमा चमत्कारी बाबा वेपत्ता हुनु,

ज) जगते र चिनी काका मिलेर सुपारी मेची खोला तार्दै गर्दा जगतेलाई पुलिसले पक्रिनु,

झ) चिनी काका सुपारी बेच्न जाँदा राती आउनु, ऊ फूलमतीसँग लाग्नु त्यो कुराको राधा काकीले विरोध गर्नु,

ञ) कल्पनालाई बचाउनका लागि वर्षा अवैध धन्दामा लाग्नु, त्यही समयमा पुलिसले उसलाई पक्रनु र बाह्र वर्ष जेलमा हाल्नु,

ट) चिनी काकाले टुङ लगाउनु तर साना र कमजोर भएका कारण हात्ती आउन नछोड्नु ।

ठ) तिलकले मेची क्याम्पसबाट राम्रो नम्बर ल्याएर एम.ए. पास गर्नु,

**सङ्घर्षह्रास**

क) मिलन लोकसेवा आयोगमा भिड्नु तर तीन पटकमा बल्ल लिखित निकाल्नु, मौखिममा असफल हुनु, गाउँकै बोर्डिङ स्कुलमा पढाउन थाल्नु तर हात्तीको कारण स्कुल बन्द हुनु,

ख) गाउँमा तिलक दाइ जस्ता धेरै युवाहरू बेरोजगार हुनु, चिनी काकाले एकदिन सबै युवालाई वरपीपल चौतारीमा बोलाउनु र काठमाडौंको राम्रो मेनपावरबाट विदेश जान युवालाई सल्लाह दिनु,

ग) चिनी काकाले एकजना युवा बराबर १० हजार रूपैयाँ कमिशन खानु,

घ) सरकारी मानिसहरू आएर दामाटारमा परियोजना राख्नु, पर्चा चिनी काकाबाट बाँडिनु,

ङ) चिनी काकाले कार किन्नु, काका वरपीपल चौकमा रक्सी पलमा देखिनु,

च) तिलक कतारमा जेल पर्नु, यता कल्पना वाकवाक् गर्न थाल्नु,

छ) कल्पनाका बाबुले सिलिगुडी भएर छोरीको गर्भपतन गराउने डाक्टर बुझ्नु, गर्भपतनका लागि १५ हजार लाग्छ भन्नु,

**उपसंहार**

क) चिनी काकालाई खोज्न पुलिसहरू दामाटार आउनु, चिनी काकालाई कल्पनाका बाबुले फूलमतीको पासमा पुऱ्याइदिनु,

ख) चिनी काकाले आफू लुकेर सोझो जगतेलाई जेल जानका लागि हौसाउनु, जेल भइदिए बापट पैनीपारिको दुई कठ्ठा जमिन दिन्छु भनी फकाउनु,

ग) जगते जेलबाट छुटेको केही केही दिनपछि एकाएक हराउनु,

घ) चिनी काकाले मन्दिरको जग्गा आफ्नो नाममा पार्नु, त्यस ठाउँमा ठूलो व्यापारिक केन्द्र बनाउनु,

ङ) भगिरथ काका गाउँ छोडेर धुलाबारीतिर बसाइ सर्नु,

च) राधा काकीका सन्तान नहुनु, फूलमतीले छोरो जन्माइदिनु,

छ) कल्पनालाई सुत्केरी व्यथा लाग्नु, घरमा बच्चा जन्मन नसकी हस्पताल पुऱ्याइनु,

ज) वर्षाको भेट रीतासँग हुनु, रीताले नेताको घरमा लैजाँदा चिनी काकासँग भेट हुनु तर बोलचाल नहुनु,

झ) कल्पनाकी छोरी जन्मिनु, वर्षा ड्रक्स ओसार पसार गर्ने काममा लागेर कल्पनालाई बचाउनु र लालनपालन गर्नु,

ञ) वर्षा प्रहरीको फन्दामा पर्नु, बाह्र वर्षपछि घर फर्केर जाँदा कल्पनाले घर नखाएकी भए हुन्थ्यो भन्नु ।

**'इति' उपन्यासको कथानक**

उपन्यासको कथावस्तु अनुसार अङ्क एकमा वर्षा नाम गरेकी पात्र हुन्छे । उसले आफ्नी दिदी कल्पनालाई बुबा बाँदरको टाउको लिन गएको र बाबु फर्किएर नआउँदै वर्षाले विजयबजार नचिनेको प्रसङ्ग आएको छ । यो उपन्यासको पुरानो दामाटारको नयाँ नाम विजयबजारले परिचय हुँदै गएको तर वर्षालाई आफूलाई प्रिय लाग्ने दामाटार नामले नै झकझकाइरहेको कथावस्तु उल्लेख छ ।

अङ्क दुईमा वर्षाको भनाइ अनुसार दामाटार पहिले जङ्गल भएको र केही वर्षपछि कर्णाराज भन्ने मानिस आइ बसोबास गर्दा उसले पहाडबाट केही परिवारलाई ल्याएर उसले छिमेकी बनाएको छ । कर्णराजका छिमेकी बृहस्पति बाजे आएर उसको एक्लोपनलाई मेटाइदिएको छ । यसै क्रममा बृहस्पति बाजेका भाइ मोतिलाल, सुब्बा जेठा जस्ता अरु छिमेकीहरू पनि त्यही आएर बसोबास गर्न थाले । यसरी कर्णराजले दामाटारमा बस्ती बसाएको थियो । गाउँमा कुनै पसलहरू नभएका कारण सामान किन्न पानीट्याङ्की वा नक्सलबाडी पुग्नु पर्थ्यो । दामाटार गाउँ बिस्तारै भरिँदै गयो । उता कर्णराजका कुनै सन्तान थिएनन् । त्यसपछि उसले कनकाई माईसँग प्रार्थना गऱ्यो । प्रार्थनाको एकवर्षपछि उसको सन्तान जन्मियो । गाउँलेहरूको आस्था कनकाई माईप्रति बढ्न थाल्यो । कर्णराजको व्यवहार राम्रो हुँदै जाँदा श्रीमतीलाई नरिवलको दानाले टाउकामा लागेर मर्नु, कर्णराजलाई छोरा दीर्घराजका साथीले खुकुरी प्रहार गरी हत्या गर्नु र

दीर्घराजलाई पनि सरकार पक्षबाट कम्प्युनिष्टको आरोपमा हत्या गर्नु र भाञ्जा भगिरथले अपुताली खाएको कथावस्था उल्लेख छ ।

अङ्क तीनमा वर्षाले आफूले बाह्र वर्ष अगाडि छोडेर गएको आफ्नो दामाटारमा आमूल परिवर्तन भएको र बाह्र वर्ष अगाडिको संरचना केही पनि नभएको पाएकी छे। ऊ सडकको छेउमा बसेर टोलाएर सोचरिहेकी छे। ऊ सडक छेउको पसलमा चिया पिउँदै कल्पनाले बुबा बाँदर खोज्न गएको र बाँदरको टाउकोले दोष भगाउने कुरा सोच्दै गर्दा एकजना टाउकामा फेटा बाँधेको मदारी, हिन्दी भाषामा परिपरिका भाखा देखाउँदै थियो। बाँदर डमरुको तालमा नाचइरहेको दृश्य देख्छे। ती बाँदरको नाचसँगै वर्षा फेरि सोचमग्न भएको कुरा उल्लेख गरिएको छ।

अङ्क चारमा मिलनले वर्षालाई बाँदरलाई ल्याएर दोष भगाएको हेर्न छिट्टै आइज भनेर बोलाएको कथा स्मरणमग्न छ। धने काकाका दुई भाइ छोरा तिलक र मिलन नाउका छोरा थिए। धने काका धामी थिए। धने काकाले दोष भगाउन आफ्नै घरमा चिन्ता राखेका थिए। त्यही दिन कल्पना र तिलक अँध्यारोमा सुटुक्क गाएर भएका थिए। कल्पना दिदीले तिलक दाजुको कुरा कहिल्यै नकाटेको र पछि गएर अवैध रूपमा ती दुईको बच्चा जन्मिएको कुरा उल्लेख छ। तिलक शिक्षित भएर देखा परे पनि उसले समाजमा नराम्रो काम गरेको छ। वर्षाको बाबु अत्यन्त गरिब भए पनि हिक्मत भएको पुरुषको रूपमा उपस्थित भएको देखिन्छ। उसले धामी बसेका ठाउँमा जिउँदो बाँदर ल्याएर धने काकाले दोष धमाउन बलि दिएर हात्ती भगाउने प्रयास गरेको कुरा उल्लेख छ भने दिदी कल्पनाले वर्षालाई भारी बोकेर भए पछि पढाउने प्रण गरेको छ।

अङ्क पाँचमा वर्षाले दामाटारको गुणगान गाएको, मेची खोला नजिकै भएको, हात्ती आतङ्कका कारण खेती गर्न नसकी सुपारी बगान लगाएको प्रसङ्ग छ। मेची खोला बर्खामासमा उर्लिएर आएको, गाउँलेका छाना चुहेको कथा उल्लेख छ। गाउँमा चन्द्रमान दाइ भएको र उसका बाबुआमालाई मेची खोलाले बगाएर चन्द्रमानलाई टुहुरो बनाएको थियो तर उसले केटाकेटीहरूलाई पौडी खेल्न सिकाउने भन्दै पानी पासेका बखत सखुवाको मुढासँगै चन्द्रमान दाइ बेपत्ता भएका छन्। दामाटारको पारिपट्टि सुनौलो गाउँ हुनु, त्यही नाम अपभ्रंस हुँदै सुन गाउँ भएको थियो। यता दामाटारमा सुलुक्क परेका सुपारीका रुखहरू परबाट छर्लङ्ग देखिएको कुरा उल्लेख छ।

अङ्क छमा आफ्ना हजुरबाहरू धनी भएर पनि बुबाका पालामा त्यो सम्पत्ति सकिएको कुरा दिदी कल्पनाले बहिनी वर्षा बताउनु, आफ्ना मावलीपट्टिका पनि धनी भएर टुहुरी भाञ्जीहरूलाई सम्हाल्नुपर्छ भनी दामाटार नआएको कुरा यो भागमा बताइएमो छ। आमा

गरिबीका कारण मर्नु, घरमा पालेको एउटा गाई मर्नु जस्ता दुखद घटना वर्षाको जीवनमा घटेको कुरा उल्लेख छ ।

अङ्क सातमा धनेकाले बाँदरको बली दिएको तीन दिनसम्म वर्षाको बोली रोकिनु, मिलनसँग स्कुल जाँदा बाटामा किम्बु टिपेर खानु, मिलनले कल्पना र तिलकको बारेमा बताएको कथावस्तु उल्लेख छ ।

अङ्क आठमा मिलन र वर्षा एकै कक्षामा पढ्नु, बेला मौका वर्षा साथीहरूसँग झगडा गर्नु, वर्षा लड्डुको घरमा पिङ खेल्न जाँदा लड्डुले नदिएपछि हँसिला लिएर पिङ काटिएको कुरा यसमा उल्लेख छ ।

अङ्क नौमा कर्णराजले दुई विघाहा जग्गा दिएर स्थापना गरेको स्कुल पछि गएर कर्णराजको नाम मेटेर भगवानदास साहुले २० लाख रूपैयाँ दिएपछि स्कुलको नाम भगवानदास राखिनु, शान्ति र मिलनसँग वर्षा स्कुल जाँदा गोरुगाढामा चढ्नु, वर्षाले शान्तिलाई धकेलेर गोरुगाढाबाट लडाइदिँदा शान्तिको हात भाचिएको कुरा उल्लेख छ ।

अङ्क दशमा कक्षामा मिलन प्रथम भएको र त्यस कुराले वर्षा अत्यन्त खुशी भएकी छे । मिलनलाई शिक्षकले हातमा हिर्काउँदा ऊ चुप लागे पनि वर्षालाई रिस उठेको र झार माडेर हातमा लगाइदिएको कुरा उल्लेख छ ।

अङ्क एघारमा छ बहिनी छोरी मुनी जन्मिएका चिनी काकाको जन्म भएको थियो । एस.एल.सी. पास गर्न सकेनन् । चिनी काकाले विवाह गरेकी श्रीमतीले नाटक मात्र गरी चिनी काकाको श्रीसम्पत्ति लुटेर लगेकी थिइँ भने काकाले एकवर्ष नबित्दै राधालाई विवाह गरेको प्रसङ्ग उल्लेख छ ।

अङ्क बाह्रमा हात्ती आतङ्कका कारण दामाटारमा सुपारी रोपिएको र सुपारी टिप्नका लागि बाँसको टुप्पामा हँसिया बाँधेर सुपारी झार्ने गर्थे । त्यहाँ एउटा गणेशको मन्दिर थियो । त्यसका पुजारी बित्ते बाजेले कल्पना र वर्षालाई अलग्गैबाट प्रसाद दिन्थे भन्ने कुरा उल्लेख छ ।

अङ्क तेह्रमा कल्पनाले वर्षालाई पं. हरिप्रसादको कथा सुनाएको, हरिप्रसाद ज्योतिष भएको र उसले बिरामी जगन्नाथ ओलीको नाडी छाम्दै तिम्रो खड्गो नराम्रो छ यसपाली बाँच्यौ भने नब्बे वर्ष बाँच्छौं भनेको छ महिना पछि जगन्नाथ ओलीको मृत्यु भएको छ भने रिट्ठे हरिप्रसादको विश्वासी पात्र भएको र उसले कान्छी स्वास्नी ल्याएको छ । त्यही कान्छी स्वास्नी बाटुलीसँग हरिप्रसादको अवैध सम्बन्ध भई वर्षाको बाबुको जन्म भएको कुरा उल्लेख छ ।

अङ्क चौधमा वर्षा लेड्डुसँग गट्टी खेल्दै गर्दा मिलन हस्याङफस्याङ गर्दै षाएको घरमा आएर वर्षाका बाबुले अर्की आइमाई विहे गरेको कुरा सुनाउँदा कल्पना र वर्षा दुवै अचम्ममा पर्नु र दुवैले होइन होला भनेर शङ्का गरेको कथा उल्लेख छ। बाबुले लिएर आएपछि कल्पनाले मुर्मुरिँदैत्यो आइमाईमाथि जाइ लाग्नु र मिलन, वर्षा र लड्डुले कल्पनालाई समाउनु, जगते हिस्स पर्नु र आइमाई फर्किर बाटो लागेको कुरा उल्लेख छ।

पन्ध्रौ अङ्कमा भगिरथ काकाले रोपाईमा बेठी लगाउने हुँदा गतेर्ला वल्लापल्ला गाउँमा रोपाहार खोज्न पठाउनु, धेरै हल गोरु र रोपाहार जम्मा गरी बेठी लगाउनु, रोपाइँमा नचाहिँदो तकड भडक देखाउनु, पञ्चै बाजा बजाएर दामाटारै गुन्जायमान हुनु, टोकला चिया बगानमा फिलिम सुटिङ हुनु जस्ता कुरा यस अङ्कमा उल्लेख छ।

सोह्रौ अङ्कमा नयाँ फ्रक लगाएर वर्षा स्कुल नगई अन्यत्र जानका लागि मिलनलाई भन्नु तर मिलन नमानेपछि वर्षा एक्लै जानु, बेलुका रात परेपछि मात्र घर फर्कँदा बाले भाटाले हान्न खोज्नु तर भक्तिनी आमैले शरण परेर जोगाउनु जस्ता कुरा उल्लेख गरिएको छ।

सत्रौं अङ्कमा दामाटारभित्रकी बेसहारा विधवा आइमाई (भक्तिनी आमै) हुनु, ऊ भगवान भरोसामा दिन बिताउन बाध्य हुनु र वर्षाले बारीको काँक्रो चोरेर खाँदा भक्तिनी आमै रिसाएर सराप्नु, भक्तिनी आमै घरमा आएर खैलाबैला गरेपछि वर्षालाई बाबुले कुट्न खोज्दा बर्षा भक्तिनी आमै मरिछन् भनेर झुटो बोलेर तर वास्तवमा आमै मरेको प्रसङ्ग राखिएको छ।

अठारौं अङ्कमा वर्षा र मिलन स्कुलबाटै केही पर गएर अँगेरी खाएको र मिलनको चप्पल चुँडिएर हातमा बोकेको, शिवले गणेशलाई मारेर फरि दामाटारमा आएर हात्तीको टाउको लगेर गणेशलाई ब्युँटाएको कथा भन्दै दामाटार पहिलेदेखि नै हात्तीको वासस्थान रहेको हुँदा यहाँ त्यही हात्तीको शरीर राखेर गणेश मन्दिरब नाइएको कुरा बताएको छ।

उन्नाइसौं अङ्कमा रात पर्दै गएपछि दामाटारमा हात्ती आउनाले सबै गाउँबासीहरू घर बाहिर निस्किएर हात्ती खेद्न पुल्ठा बालेर होहल्ला मच्चाउनु 'हरिको हरिनाम' भनेझैँ दामाटारबासीले ईश्वर फुकार्दै हात्तीको प्रार्थना गरेका तर हात्तीले गाउँ पसेर विध्वंश मच्चाएपछि गाउँहरूले पुल्ठो बालेर, शङ्ख बजाएर सबै हात्तीलाई मेची खोलातिर लखेटेको कुरा प्रस्तुत छ।

बिसौं अङ्कमा रातको समयमा मिलन सानै भएर पनि फुल्ठो बालेर नडराइकन हात्ती धमाएको, उसलाई सबैले 'बहादुर' भनेर स्याबासी दिएको, तयो वर्षा अरु वर्षभन्दा बढी

दामाटारमा आएर त्यहाँका बासिन्दालार्य बढी दु:ख दिएको, उता हात्ती त्यहाँ आफ्ना पुर्खाको शिर खोज्दै आएका भनेर गाउँलेहरूले विश्वास गरेको कुरा उल्लेख छ ।

एक्काइसौं अङ्कमा भीमबहादुर राईको जेठो छोरो पढाइमा जेहेन्दार, इलाम क्याम्पसबाट बी.ए. सकेर घर फर्कदै गर्दा बाटामा गाडी पल्टिएर ठाउँको ठाउँ मर्नु, कान्छो छोरो पढ्नमा लठ्ठु हुनाले सुपारी व्यापारी लाग्नु, बाबुको व्यापारमा विश्वास गर्नु, सुपारी, नरिवल व्यापारकै क्रममा विजुवा जेठाकी छोरी रेशुसँग माया प्रीति गाँसिनु र बाबुसँग सल्लाह गरी विवाहको निधो हुनु तर बिहान नहुँदै हात्ती खेद्ने क्रममा शुक्रबहादुर इनारमा खसेर मर्नु जस्ता कुरा समावेश छन् ।

बाइसौं अङ्कमा दामाटारमा अचानक त्रिशुल बाबा आउनु, चमत्कार देखाउनु, सबैले हात्ती भगाउँछन् बाबाले भनेर विश्वास गर्नु, बबाले दिएको प्रसाद खाँदा धेरै भक्तहरू बिरामी पर्नु र हस्पिटल पुऱ्याउनु, सबै गाउँलेहरूले बाबाको जयजयकार गर्नु, त्रिशुल बाबाले चमत्कारी प्रसाद र खरानी दिएर त्यहाँका सज्जनहरूको मन जित्नु आदि कुरा बताएको छ ।

तेइसौ अङ्कमा दामाटार लगायत काँकडभिट्टा, धुलाबारी जस्ता ठाउँम पनि त्रिशुलबाबाको प्रभाव बढ्दै जानु, अरु बारभन्दा मङ्गलबार मन्दिरमा बढी भीड हुनु, बाबा भक्तहरूको क्षमताको परिचय लिएर मात्र ऊसँग व्यवहार गर्नु, त्यहाक्ष गुणहरूको पनि बबाले मन जित्नु, सबैले चमत्कारी भनेर विश्वास गर्नु तर तिलकले भने विश्वास नगर्नु जस्ता कुरा उल्लेख छन् ।

चौबिसौं अङ्कमा मङ्गलबारका दिन मन्दिरमा अरु दिनभन्दा मानिसको भीड हुनु, बाबाको चमत्कारी खेल हेर्न र उनको दर्शन गर्न भीड लाग्नु, उता वर्षाको उमेर छिप्पिदै जान थालेपछि उसलाई अमिलो खान मन पर्नु कल्पनाले थाहा पाएर अब पट्किन्छेस् भन्नु, वर्षालाई बोक्सी मन्त्र आउँछ भन्दा प्रधानाध्यापकले अफिसमा लगेर सिर्कना लगाउनु जस्ता कुरा उल्लेख छ ।

पच्चिसौ अङ्कमा शान्तिका दाजुको बिहेमा मिलन र वर्षा जन्ती जानु, वर्षालाई नछुने हुनु, मिलनले चुप लाग्ने सङ्केत दिनु, गाउँका आइमाईहरू मेला भएर बिहे घरमा कसार बटार्नु, वर्षा पहिलोपटक पर सर्दा पनि घरदेखि अरुतिर जान नमान्नु जस्ता कुरा उल्लेख छ ।

छब्बिसौं अङ्कमा दामाटारमा हात्ती आउने दोष जिउँदो बाँदरको टाउको बली दिँदा नहटेपछि गाउँलेहरू दिक्दार भएर सुपारी व्यापारमा लाग्नु, जगते चिनीराज तस्कर तस्करसँग मिलेर सुपारी मेची खोला कटाउनु र यो कुराले जगतेको भलो नहुने जस्ता कुरा उल्लेख छन् ।

सत्ताइसौं अङ्कमा यसरी सुपारी मेची नदी तार्दै गर्दा जगतेलाई पुलिसले बगरमा पक्रिएर सुपारी छरिदिनु, चिनी काकालाई पनि पुलिसले चेतावनी दिनु यता फूलमतीको संगत जगतेसँग पढ्नु र ऊ फस्टाउँदै जानु जस्ता कुरा उल्लेख गरिएको छ ।

अठ्ठाइसौं अङ्कमा छुट्टिका दिन वर्षा राधा काकी कहाँ सुपारी छोडाउन जाँदा त्यहाँ एउटा बङ्गाली बस्नु, त्यो ठुलै सुपारी व्यापारी हुनु, चिनी काकाले छक्क पर्दै जिब्रो निकाल्नु र काकी चिन्तित हुनु जस्ता कथा उल्लेख छ ।

उन्नातिसौं अङ्कमा चिनी काकाको राजनीतिक पार्टीका मान्छेसँग पनि चिनाए बढ्दै पार्नु उनका घरमा आएर पार्टीका नेताहरूले पनि चिनी काका दामाटारको अगुवा व्यक्तिमा दरिनु, हात्ती रोक्ने टुङ बनाउने रकम पनि मोटै आएको तर केही रकम मात्र प्रयोग भई धेरै रकम नेताहरूको मिलेमतोमा चिनी काकाले भिटा लिन सुरु गर्नु, गाउँलेहरूले हिसाब खोज्दा चिनी काका जङ्गिनु जस्ता कुरा उल्लेख छन् ।

तीसौं अङ्कमा हात्री खेलाउन दामाटारमा सेनाको टुकडी बस्नु, सुरुसुरुमा हवाइ फायर, पटकको आवाजले हात्ती भाग्नु तर बिस्तारै हात्तीले थाहा पाएपछि अर्के बाटो भएर आउन थाल्नु, सेना र गाउँलेकै अघिल्तिर जुगुनेलाई हात्तीले टाउमामा टेकेर मार्नु, गाउँका ठिटाहरू बेरोजगार भएर चिनी काकाका करणमा गएर सुपारी व्यापारमा लाग्नु जस्ता कुरा उल्लेख गरिएको छ ।

एकतिसौं अङ्कमा हात्ती आतङ्ककै कारण दामाटारबासीहरू बिस्तारै एकपछि अर्को गर्दै अन्यत्र बसाइ सर्न थाल्नु, यसै क्रममा शान्तिको परिवार बित्ते बाजे अन्यत्रै बसाइ जानु, बित्तै बाजेले गणेश मन्दिरको ताल्चा चिनी काकालाई जिम्मा लगाउनु, बसाइँ सर्ने बेलामा शान्ति वर्षाकहाँ गएर बिदा माग्नु, दुवै एकछिन विह्वल हुनु, छुट्टिँदा आ-आफ्ना चिनो साटासाट गर्नु आदि उल्लेख छ ।

बत्तिसौं अङ्कमा भगिरथको छोरो लड्डुले चिनी काकाकी भाञ्जी अमलासँग म बिहे गर्छु भन्दा सबै केटाकेटीले गिज्याउनु, लड्डुलाई चिनी काका कहाँ गएर अमलालाई म बिहे गर्छु भनेर माग्न पठाउनु, लड्डुका गालामा चिनी काकाले थप्पड मार्नु, यो सुनेर भगिरथ मुर्मुरिँदै लड्डुको अब चाँडै अमलाभन्दा राम्री केटीसँग बिहा गर्दिने सङ्कल्प गर्नु, हर्कटेबाट छोरी दिन आएका रोहिणी काफ्ले आउनु, राति उनलाई हात्तीले आक्रमण गर्नु, उनले छोरी यस ठाउँमा नदिने प्रण गर्नु उता लड्डु जिल्ला पर्नु जस्ता कुरा उल्लेख छन् ।

तेत्तिसौं अङ्कमा दामाटारको माटो अत्यन्त मलिलो भएकै कारण त्यहाँ तीन कमाइ हुनु तर कमाई पाक्न नपाउँदै हात्तीको डरले कमाई भित्र्याउनु, गाउँलेहरू भेला भएर टुङले काम नगरेको कुरा गर्नु, धने काकाले दोख नभागेको कुरा गर्नु, तिलकले सबैजना गाउँलेलाई सम्झाउनु र गौडामा तार बेरा लगाएर करेण्ट छाड्ने निधो गर्नु जस्तो कुरा उल्लेख छ ।

चौतिसौं  अङ्कमा भगिरथ काका र गाउँलेहरू गा.वि.स. गएर कुरा राख्दा सचिवले पैसा नभएको जानकारी गराउनु, सबै भएर गा.वि.स. भवन घेराबन्दी गर्नु, केही दिनपछि जिल्ला प्रशासन कार्यालयबाट अनुगमन टोली आउनु र त्यहाँको वस्तुस्थिति बुझ्नु र मेचीको किनारमा तार टागेर करेण्ट फिट गरिदिँदा दामाटारबासी खुशी भएको कथावस्तु उल्लेख छ ।

पैतिसौं अङ्कमा तारमा जडान गरिएको करेण्ट लागेर हो या तस्करका फेला परेर एउटा हात्ती मर्नु, प्रशासनका व्यक्तिहरू आएर तार झिकेर लानु, दाामाटारबासीकोपीडा जस्ताको तस्तै रहनु, अब खेती गर्न छोडेर सुपारी खेती गर्न थाल्नु, सुपारी तस्करी गर्न थाल्नु, केही दिनपछि चिनीकाकाका गलामा हात्तीको दाह्राको लकेट देखिनु जस्ता कथावस्तु उल्लेख छ ।

छत्तिसौं अङ्कमा तिलक दाइले मेची क्याम्पसबाट राम्ररी एम.ए. पास गर्नु, आयोगमा नाम निकाल्नु तर जागिर कतै नपाएर चिनी काकाको सल्लाहले विदेशतिर लाग्नु तर नक्कली भिसा परेकाले तिलक लगायत अरु पनि ठिटाहरू विदेशमै जेल पर्नु, यता कल्पना तिलक हिँडेदेखि भात न पानी हुनु एक महिनापछि कतारबाट जेल परेको चिठी आएको कथा उल्लेख छ ।

सैतिस अङ्कमा भगिरथ काकाले दामाटारमा आएको सरकारी जीपप्रति व्यङ्ग्य प्रहार गर्द यहाँ घुमन्ते,  फिरन्ते आउँछन् आनन्द मनाउँदै छन्, हात्ती छेक्ने कुरा गर्छन् र जान्छन् भन्नु, त्यहाँ सहायक सिडिओ पनि प्रवेश गर्नु तर केही लछारपाटो नलगाउनु, उता हात्तीले मारेका मान्छेलाई क्षतिपूर्ति परियोजनाले दिने कुरा फैलनु, गृहराज्यमन्त्री पनि त्यहाँ प्रदेश गर्नु, चिनी काकाले धराने काला बङ्गुरको सेकुवा र विदेशी रक्सीको स्वादमा दामाटारलाई स्वर्ग बनाउने सपना देख्नु ।

अठ्तिसौं अङ्कमा जगतेले आधा किलो खसीको मासु लिएर आउनु कल्पना पकाएर आफू चाहि गोलभेडा अचारसँग भात खाएर चिन्तित हुनु, बाबुले केरकार गरेपछि तिलकसँगको प्रेम गर्नु र अवैध सम्बन्ध हुनु जस्ता कुरा उल्लेख छ ।

उनन्चालिसौं अङ्कमा भन्सारको डिएस्पी फेरिएपछि सबै सुपारी व्यापारीहरू तर्सनु, चिनीकाकाको प्रभाव बढ्दै जिल्लाबाट केन्द्रसम्म पुग्नु, उता सीमापारिसम्म पुग्नु डिएस्पीसँग कुरा नमिलेर चिनी काकाले व्यापार बन्द गर्नु तर पारिका व्यापारीले हलचल मच्चाउन थालेपछि फेरि

व्यापार सुरु गर्नु, अचानक चिनीकाकाको दुई ट्रक सुपारी समातिनु, चिनीकाका इण्डियातिरै बसोबास गर्न थाल्नु जस्तो कथा उल्लेख छ ।

चालिसौं अङ्कमा चिनीकाकालाई पैसा पुऱ्याउन गएका जगतेलाई फकाएर तत जेल बस्, म तेरो व्यवहार सबै मिलाउँछु र तँलाई पनि उकास्छु भन्दा जगते जेल जान तयार हुनु, चिनीराज आफैँ जेलमा बसेर मैले यो काम गरेको होइन जगतेले गरेको हो भन्नु र उसलाई जेल हालेको कथावस्तु अगाडि ल्याएइएको छ ।

एकचालिसौं अङ्कमा भगिरथ काका पनि दामाटारबाट बसाइँ सर्नु, सुब्बा बाजे आफन्तकै घर पाँचथरतिर लाग्नु, पञ्चनारायण राजगढतिर जानु अरु पनि दामाटारबासीहरू धमाधम बसाइँ सर्नु जस्ता कुरा उल्लेख छ ।

बयालिसौं अङ्कमा चिनीकाकालाई भने दामाटार निकै फापेको महसुस हुनु, गणेश मन्दिर आफ्नै पैतृक सम्पत्ति भएको र आफैँको नाममा धनीपूर्जा निकाल्ने र गणेश मन्दिर भत्काउने कुरा गर्नु, हावाहुरी आएर मन्दिरको छानो उडाउनु र वर्षाको पानीले पर्खाल भत्काउनु र चिनीकाका पनि आफ्नो घर परियोजनालाई दिएर काँकडभिट्टा गई बसोबास गर्नु, फूलमतीलाई कान्छी श्रीमतीका रूपमा स्वीकार गर्नु, उसले एउटा छोरो जन्माउनु र जेठी श्रीमतीलाई सन्तानहीन भनेर घरबाट विदा दिनु जस्ता कुराहरू उल्लेख छ ।

त्रिचालिसौं अङ्कमा धनेकाका पनि दामाटारबाट बसाइँ सरेर अन्यत्रै जानु, मिलन र वर्षाको प्रगाढ सम्बन्ध हुनु, दामाटारले धराने कालो बङ्गुरको सेकुवा र फेन्सिडल बेच्ने जस्तो भएको कुरा उल्लेख छ ।

चवालिसौं अङ्कमा अचानक कल्पना पेट दुखेर अत्तालिन थाल्नु, बर्षा हड्बडाउँदै पसलतिर जाँदा वरफेदे काइँलीसँग भेट हुनु, वर्षाले आफ्नो पीडा पोख्नु, वरफेरि काइँलीका सहयोगले सिलगुडी अस्पतालमा कल्पनाको शल्यक्रिया गरी बच्चा निकाल्नु जस्ता कुरा उल्लेख छ ।

पैतालिसौं अङ्कमा कल्पनाको उपचार खर्च कसरी जुटाउने भन्ने कुराले पिरोलिएर हस्पिटल बाहिर पेटीमा बसिरहेकी वर्षालाई एउटी अपरिचित रीता नाम गरेकी आइमाई आएर सबै कुरा ऊसँग भएपछि बर्षालााई रीताले नै अवैध धन्दामा लगाएपछि रीताले प्रशस्त पैसा कमाउनु र कल्पनाको ज्यान बचाउनु जस्ता कुरा उल्लेख छ । रीताले उसको मालिक भनेर

चिनीकाकासँग भेट गराउनु तर दुवैको हेराहेर मात्र हुनु र वर्षा अचानक पुलिसको फन्दामा परी बाह्र वर्ष जेल बस्नु र यता कल्पनाले अर्कै केटासँग घरजम गर्नु जस्ता कथावस्तु उल्लेख छ ।

छयालिसौं अङ्कमा वर्षा आफूले सजाय पाएको जेल सजायका बाह्रवर्ष पूरा गरेर आफ्नो जन्मस्थान दामाटार आउँदा उसले छोडेर जाँदाको दामाटार अर्कै परिवेशमा अगाडि बढिरहेको साथै आफ्नो पुरानो घर पहिलेभन्दा भिन्न पाएको र दिदी कल्पनासँग भेट भए पनि बोलचाल गर्न निकै समय लाल्नु, केही समयको मौन हेराइपछि कल्पनाले- 'वर्षा त नआएकी भए हुन्थ्यो' भन्ने जस्ता दुःखदायी प्रसङ्गमा छ ।

निष्कर्षमा भन्नुपर्दा 'इति' उपन्यासले वर्षा जेलमा हुँदा प्रत्येक शनिबार कैदीरहरूलाई टीका लगाइदिन पण्डित आउँथे । ती पण्डितले मान्छेको जीवनमा दुःखपछि सुख आउँछ, रातपछि दिन आउँछ, कुनै दुःखद कथाको आदि छ भने त्यसको इति सुखद पनि हुन सक्छ । मानव चोला नियतिले निर्धारित गरिदिएको एउटा अकल्पनीय कथा हो । कहिले यो कथाको आदि सुन्दर र इति कहालीलाग्दो हुन्छ । कहिले आदि अप्रिय तर इति सुखद हुन्छ । त्यसैले मान्छेले धैर्यता गुमाउनु हुँदैन भन्ने सन्देश दिएको छ ।

तालिका नं. १ : 'इति' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | सामाजिक सम्ब. | | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गतिशील | प्र. | सहा. | गौ | अनु. | प्रतिकू. | उ. | म. | नि. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | वर्षा | | + | + | | + | | | + | | | | + | + | | + | |
| २. | कल्पना | | + | + | . | + | | | + | | | | + | + | | + | |
| ३. | जगते | + | | + | | + | | | + | | | | + | + | | + | |
| ४. | कर्णराज | + | | | + | | + | | | + | + | | | | + | | + |
| ५. | भगिरथ | + | | + | | + | | | + | | + | | | + | | + | |
| ६. | धनेकाका | + | | + | | + | | | + | | | | + | + | | + | |
| ७. | तिलक | + | | | + | | + | | | + | | | + | + | | | + |
| ८. | मिलन | + | | + | | + | | | + | | | | + | + | | + | |
| ९. | शान्ति | | + | | + | | + | | | + | | | + | | + | | + |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | बित्तेबाजे | + | | | + | | | + | | + | | | + | | + | | + |
| ११. | लड्डु | + | | + | | | + | | + | | + | | | + | | + | |
| १२. | चिनीकाका | + | | + | | + | | | | + | + | | | + | | + | |
| १३. | भगवान दास | + | | | + | | | + | | + | + | | | | + | | + |
| १४. | हरिप्रसाद | + | | | + | | | + | | + | + | | | | + | | + |
| १५. | बाटुली | | + | | + | | | + | | + | | | + | | + | | + |
| १६. | फूलमती | | + | | + | | | + | | + | | + | | | + | | + |
| १७. | बरफेदे काइँली | | + | | + | | | + | | + | | | + | | + | | + |

## चरित्र/पात्र तालिकाको विश्लेषण

### क) पुरुष पात्र

लिङ्गका आधारमा यस 'इति' उपन्यासका पुरुष पात्रहरू धेरै छन्, जस्तै : जगते, कर्णराज, तिलक, मिलन, भगिरथ, धनेकाका, लड्डु, चिनीकाका, भगवानदास, हरिप्रसाद यस उपन्यासका पुरुष पात्रहरू हुन् ।

### मुख्य पुरुष पात्रहरू

**जगते**

'इति' उपन्यासको मुख्य भूमिका निर्वाह गर्ने पात्र वा यी पात्रहरूलाई झिकिदिँदा कथा नै नहुने पात्रहरू हुन् । यस 'इति' उपन्यासको मुख्य पुरुष पात्रको रूपमा जगते रहेको छ । जगतेले उपन्यासको प्रमुख भूमिका खेलेको पाइन्छ । जगते यस उपन्यासमा नहुने हो भने उपन्यासको कथानक अघि बढ्न सक्दैन । जगतेले यस उपनयासको केन्द्रीय भूमिका खेलेको हुनाले यस उपन्यासको प्रमुख पुरुष म पात्र हो । जगते गरिब भए पनि हिम्मत नहार्ने पुरुष पात्र हो । उसकी श्रीमती दुई छोरीलाई टुहुरा पारेर मरे पनि उसले निश्चल रूपमा छोरी हुर्काएर वर्षालाई पढाउँदै व्यवहार चलाएको हुन्छ । कतै नगइकन दृढ भएर बद्ध पात्र बन्न पुगेको जगते सबैसँग हेलमेल गरी अनुकुल बन्न पुगेको छ । ऊ स्थिर रूपले कर्म गर्ने भएकाले स्थिर पात्र बनेको छ । समाजमा आइपर्ने जुनसुकै कठिन काममा पनि अघि सरेर गर्ने हुनाले ऊ मुख्य पात्र हो ।

**भगिरथ**

भगिरथ पनि 'इति' उपन्यासको प्रमुख भूमिका निभाउने पात्र हो । भगिरथले यस उपन्यासको कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ । यस उपन्यासमा भगिरथाले केन्द्रीय

भूमिका खेलेको छ। भगिरथ कर्णराजको भाञ्जो हो । कर्णराजको वंश समाप्त भएपछि मावली अपुतालीको उपभोग गर्न थाल्यो । समाजमा सबैसँग हेलमेल गर्ने र वरपिपल, चौतारो जस्ता सामाजिक काम गर्ने हुनाले ऊ स्थिर, मुख्य, अनुकूल, मञ्चीय र बद्ध पात्र पनि हो ।

**कर्णराज**

कर्णराज यस उपन्यासमा निरन्तर रुपमा देखा नपरी घरि हराउने र घरि देखिने हुनाले गतिशील, सहायक, प्रतिकुल, नेपथ्य र मुक्त पात्र हो ।

**धनेकाका**

धनेकाका यस उपन्यासको गति अघि बढ्दै जाँदा देखा परेर अन्त्यसम्म रहेको अनुकूल पात्र हो । ऊ गाउँको धामी भएकाले सबैसँग उपकार गर्ने व्यक्ति मानिएको हुनाले अनुकूल, बद्ध, मञ्चीय, स्थिर पात्र हो ।

**तिलक**

तिलक यस उपन्यासको शिक्षित युवक हो। ऊ धनेकाकाको जेठो छोरो हो। ऊ रुढिवादी अन्ध परम्पराको विरोधी पुरुष पात्र भएकाले प्रतिकुल, सहायक, निम्न वर्गीय मुक्त पात्र हो ।

**मिलन**

मिलन यस उपन्यासकी मुख्य पात्र वर्षाको मिलनसार केटो साथी हो । ऊ धनेकाकाको कान्छो छोरो र तिलकको भाइ हो। ऊ अटुट रुपमा वर्षासँगै रहने हुनाले यस उपन्यासकी नायिका वर्षा हो भने नायकको भूमिका मिलनले निर्वाह गरेको छ। यी दुवैको मद्दतबाट उपन्यासका अङ्ग पूरा भएकाले स्थिर, अनुकूल, बद्ध पात्र हो । निम्नवर्गीय पात्र मिलनका सुलभ क्रियाकलापले उपन्यासमा मिठास भर्ने काम गरेको पाइन्छ। निरन्तर रुपमा देखा परेको हुनाले ऊ मञ्चीय पात्र पनि हो ।

**पित्तेबाजे**

पित्तेबाजे यस यसन्यासमा पुजारीको रुपमा देखा परेका छन् । मन्दिरमा पूजा गर्न आउनेहरुलाई जातीय भेदभाव गर्ने पित्तेबाजे प्रतिकूल हुनुका साथै गौण, निम्नवर्गीय, नेपथ्य र मुक्त पात्र हो ।

**लड्ड**

लड्डु यस उपन्यासमा चिनीकाकाको छोरो भएर देखा परेको छ । यस उपन्यासमा हास्य पात्रका रुपमा ऊ आएको छ । लठेब्रो भए पनि बोल्दा अरुलाई हसाउने भएकाले अनुकूल र हलचल नगरीकन आफ्नो भूमिका निर्वाह गरेको हुनाले स्थिर पात्र साथै उपन्यासको बीचमा आएर अन्थ्यसम्म रहेको हुनाले बद्ध पात्रका रुपमा रहेको छ ।

**चिनीकाका**

चिनीकाका यस उपन्यासमा केही शिक्षित पात्रका रुपमा प्रस्तुत भएका छन् । उनले समाजमा आफूलाई बढी शिक्षित सम्झने, अरुको खिल्ली उडाउने भएकाले प्रतिकूल भए पनि मुख्य पात्रका रुपमा उभ्याइएको छ । उनले यस उपन्यासमा खलनायकको रुपमा भूमिका निर्वाह गरेको हुनाले प्रमुख पात्र भए तापनि मञ्चीय र बद्ध पात्रका रुपमा प्रस्तुत गरिएको छ ।

**ख) स्त्री पात्रहरू**

लिङ्गका आधारमा यस 'इति' कथामा प्रमुख स्त्री पात्र वर्षा, कल्पना,  शान्ति आदि हुन् ।

**मुख्य स्त्री पात्रहरू**

**वर्षा**

यस 'इति' उपन्यासकी प्रमुख स्त्री पात्र वर्षा हो । यस उपन्यासबाट वर्षालाई झिकिदिँदा उपन्यासको कथावस्तु अगाडि बढाउन सकिँदैन । वर्षाले यस उपन्यासमा केन्द्रीय भूमिका खेलेकी छ र उसलाई यस उपन्यासकी प्रमुख स्त्री पात्र मानिन्छ ।

वर्षा एक गरिब परिवारकी बालिका हो । त्यसकारण ऊ निम्नवर्गीय नारी पात्र भए तापनि यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म रहेर उपन्यासलाई औपन्यासिक रेखामा अविचरित रुपमा अन्त्य गरेकी छे । तसर्थ मुख्य, मञ्चीय र बद्ध पात्रका रुपमा प्रस्तुत गरिएको छ ।

**कल्पना**

यस उपन्यासकी दोस्रो स्त्री पात्रका रुपमा कल्पना आएकी छे । उपन्यासको अन्त्यतिर आफू हिँड्दै गरेको बाटो छोडेर अर्को बाटो लागेकीले दोस्रो दर्जाकी मुख्य, बद्ध, अनुकूल नारी पात्रका रुपमा प्रस्तुत गरिएको छ । ऊ वर्गीय हिसाबले निम्नवर्गकी नारी पात्र हो भने मञ्चीय नारी पात्र हो ।

**शान्ति**

शान्ति यस उपन्यासमा मुख्य पात्र वर्षाकी बालसखा स्त्री पात्र हो । वर्षासँगसँगै रहेर पनि सधैँ झगडा गर्ने हुनाले प्रतिकूल सहायक पात्र हो । निम्नवर्गीय सहायक पात्र शान्ति कतैकतै मात्र देखा पर्ने हुनाले मुक्त, नेपथ्य र गतिशील पात्र हो ।

**भाषागत आधारमा 'इति' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण**

**शब्द चयनका आधारमा 'इति' उपन्यास**

भाषाको न्युनतम सार्थक एकाइ नै शब्द हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो। शब्द छनोटले कृतिलाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भावाभिव्यक्तिलाई अर्थपूर्ण बनाउने गर्दछ। भाषिक अभिव्यक्तिका क्रममा शब्दचयन महत्वपूर्ण हुन्छ। साहित्यकारले एउटै अर्थ दिने सामाजमा प्रचलित विभिन्न शब्दहरूमध्ये कुनै एउटालाई आफ्नो कृतिमा प्रयोग गर्दछन् । 'इति' उपन्यासमा पनि उपन्यासकार उमा सुवेदीले शब्द चयन माध्यमबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

**तत्सम शब्दको चयन**

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूप नफेरिइकन जस्ताको तस्तै आएका शब्द नै तत्सम् शब्द हुन् । प्रस्तुत 'इति' उपन्यासमा तत्सम शब्दहरू सान्दर्भिक तरिकाले प्रस्तुत गरेको पाइन्छ :

क) मलमास सकिएपछि उनले घरमा सङ्कटाको पाठ लगाए, छोराका नाउँमा धेरै पूजापाठ गरे। ज्योतिषी आफैं पुरोहित पनि थिए। उनैले आएर ग्रहशान्ति गरिदिए (सुवेदी, २०७३:८) ।

ख) म आफ्नो अतीतमा पसेर आफ्ना गाउँका सुन्दरतालाई धित मर्ने गरी नियाल्न चाहन्थे तर डरलाग्दो घटनालाई सम्झिन पुगें (सुवेदी, २०७३:३४) ।

ग) गाउँभरि मिलनमात्र थियो, जसप्रति मेरो मनमा कुनै ईर्ष्याको भावना थिएन । ऊ कक्षामा पहिलो हुँदा मलाई खुशी लाग्थ्यो (सुवेदी, २०७३:५१) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू 'इति' उपन्यासमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू उपन्यासमा सार्थक रूपमा प्रयोग भएका छन् । उपन्यासकारद्वारा यस उपन्यासमा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्ता विभिन्न विकल्पहरूमध्येबाट गरिएको तत्सम शब्दको चयनले उपन्यासको

भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनुका साथै उपन्यासलाई प्रभावकारी र विशिष्ट बनाएको छ ।

**तद्भव शब्द चयन**

संस्कृतबाट रूप फेरिएर नेपाली भाषामा प्रयुक्त शब्दलाई तद्भव शब्द भनिन्छ । 'इति' उपन्यासमा प्रयोग गरिएका तद्भव शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछः

क) भातको औसानी हाल्दा होस् या साँझ सन्जे बस्ता होस्, उनका मनमा मन्त्रको साटो बाटुलीका वाक्यहरू आउन थाले (सुवेदी, २०७३:६८) ।

ख) अब गाउँहरूले पण्डितका घरमा जान छाडे । जजमानहरू टाढिए । बिस्तारै मेलोमेसो सुक्दै गयो (सुवेदी, २०७३:७०) ।

ग) त्यसपछि युवकले सबै कुरा थाहा पायो । युवकको नजरमा पण्डितिनी अझ महान् भइन् । उसले कहिल्यै पराइ व्यवहार गरेन (सुवेदी, २०७३:७३) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू 'इति' उपन्यासमा प्रयुक्त भएका तद्भव शब्दहरू हुन् ।

**आगन्तुक शब्द चयन**

अन्य विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । 'इति' उपन्यासमा आगन्तुक शब्दहरूको प्रयोग सार्थक रूपमा गरिएको छ :

क) युवक मोटोघाटो थियो । डरलाग्दो सर्पको चित्र भएको स्यान्डो लगाएको थियो । हेर्दै दादा टाइपको देखिएकोले खलासी र गुरुजीले उसको कुरामा प्रतिवाद गर्न हिम्मत गरिरहेका थिएनन् (सुवेदी, २०७३:३) ।

ख) त्यसबेला गाउँम कुनै दोकानहरू थिएनन् । चिनी, साबुन र सलाई किन्न पनि कि काँकडभिट्टा जानुपर्थ्यो कि मेची तरेर नक्सलबारी पुग्नुपर्थ्यो (सुवेदी, २०७३:५) ।

ग) इन्डोनेसिया र बङ्गलादेश तिरबड आको सुपारीले सारै राम्रो भाउ पाउँदो रछ । भारतका गुट्खा फ्याक्ट्री सप्पै हाम्रा देशबड भन्सार नतिरी लगेका सुपारीले ता चलेका रछन् नि ( सुवेदी, २०७३:१३७) ।

**झर्रा तथा अनुकरणात्मक शब्द चयन**

कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैं उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरू नै झर्रा नेपाली शब्द हुन् । कुनै पनि कुराको ध्वनि, आवाज, घटना, प्राकृतिक रूपबाट उत्पन्न भई उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा जस्ताको तस्तै प्रयोग गर्न सकिने शब्द अनुकरणात्मक शब्द हुन् । यस्ता शब्दहरूले भाषालाई निख्खर, झरिलो, मीठो र गुलियो पार्ने काम गर्दछन् । 'इति' उपन्यासमा अनुकरणात्मक र झर्रा शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । जसलाई निम्नानुसार देखिइएको छ :

क) जङ्गलको माझतिर पुगेपछि ता कत्रो ठूलो भालु पो फुत्त मेरा अगाडि देखा परो हौं । उस्तै डरछेरुवा भको भा त हंसले ठाउँ छाड्ने थ्यो । तर म अलिकति पुनि डराइनँ । एस्तो विचार गर्दागर्दै झम्टिन पो आई गो हौ तेस्को साँडे ता (सुवेदी, २०७३:२३) ।

ख) मैले भुइँमा हेर्रेरै बुझेको सङ्केतमा टाउको हल्लाएँ । हेडसरले फेरि एक स्वाँठ लगााए देब्रे पिँडुलामा (सुवेदी, २०७३:१२५) ।

ग) खोइ दामाटारेले आफूले रोपेको बाली थपक्क घराँ हुल्ल पाको ? हात्तीका सुँडले कति मान्छे पछारिसको था छैन तपाईलाई ? सप्पैले देखेकै कुरो ता हो । अब केको दोख भनिराख्या नि ? तपाईंका कुरा तपाईसँगै राख्नु अब (सुवेदी, २०७३:१६७) ।

**द्वित्व शब्द चयन**

शब्दको पुनरावृत्त हुने प्रक्रियालाई द्वित्व शब्द भनिन्छ । 'इति' उपन्यासमा निम्नअनुसार द्वित्व शब्दहरू प्रयोग भएका छन् ।

क) लड्डुले बल्लबल्ल भत्केको भित्ताको काठ पन्छाएर हुनेवाला ससुरालाई निकाल्यो । उनको दाहिने हात र टाउकामा निकै ठूले चोट लागछे । ढाड पनि सोझ्याउन नमिल्ने भएछ । उनले हँहँ गर्दै रात बिताए (सुवेदी, २०७३:१६४) ।

ख) म हतारहतार उँधोतिर लाग्दै थिएँ । उसले मेरो बाटो रोक्दै भनी पख (सुवेदी, २०७३:२०५) ।

ग) सबैले त्रिशुल बाबाको जयजयकार कल्पनाले पनि जयजय भनी । मैले पनि ठूलोठूलो स्वरमा कराएर जयजय भनेँ (सुवेदी, २०७३:११३)

माथिका रेखाङ्कित शब्दहरू द्वित्व हुन् । यस्ता शब्दले उपन्यासलाई जीवन्तता प्रदान गरेको छ ।

**नाम शब्दको चयन**

नेपाली परम्परागत व्याकरणअनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ। कुनै पनि व्यक्ति, वस्तु, स्थान, गुण, भाव आदिको परिचय गराउने शब्दलाई नाम भनिन्छ। आधुनिक व्याकरण अनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ। व्याकरणिक कार्यका आधारमा नामलाई निम्नानुसार विभाजन गर्न सकिन्छः सङ्ख्येय र असङ्ख्येय नाम, मानवीय र मानवेत्तर नाम, सजीव र निर्जीव नाम व्यक्तिगत र जातिवाचक नाम गरी जम्मा चार भागमा वर्गीकरण गरेको पाइन्छ। 'इति' उपन्यासमा प्रयुक्त नाम शब्दहरू निम्नानुसार छन् :

क) कल्पनाले दाहिने हत्केलाले आँसु पुछी र फेरि बोली, रेशु र शुकबहादुर वरपीपल फलैँचामा भेटेर धेरै बेर कुरा गर्थे। रेशुले मलाई सप्पै कुरा सुनाउँथी (सुवेदी, २०७३:११२)।

ख) म शान्तिका कुरा सुनेर निशब्द भएकी थिएँ। तर ऊ त राति नै छोरीलाई छोडेर त्यै सशस्त्रको हल्दारसित भागिछ। अब मलेसिया गएका भिनाजुलाई के भन्ने होला हामीले ? (सुवेदी, २०७३:१५४)।

ग) चिनी काकाले एकसासमा भनी भ्याए यति कुरा। बालाई उनको चिल्लो कुरामा विश्वास नगरेर धरै थिएन (सुवेदी, २०७३:१९४)।

माथि रेखाङ्कित गरिएका शब्दहरू नाम हुन्। उपन्यासमा यस्ता नामको प्रयोगले उपन्यासलाई सरल बनाई पाठकले बुझ्न सक्ने बनाएको छ।

**सर्वनामको चयन**

परम्परागत व्याकरणअनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ। आधुनिक व्याकरणले नाम, उपवाक्य र वाक्यको सट्टामा सर्वनामको प्रयोग गरिने कुरालाई परिभाषित गर्दछ। सर्वनामको प्रयोग औचित्य नै एउटै अभिव्यक्तिलाई पटक-पटक आवृत्ति एवम् पुन प्रयोग हुन नदिनु हो जसको माध्यमबाट रचनामा आकर्षण पैदा गरिन्छ। 'इति' उपन्यासमा प्रयोग भएका सर्वनामहरू निम्नानुसार छन् :

क) उसले मेरो अनुहारमा पुलुक्क हेर्‍यो अनि आँसु मिसिएको आवाजमा बिस्तारै भन्यो, मलाई तेरो धेरै माया लाग्छ। तँलाई एक्लै छाडेर एसरी जानु पर्दा मलाई धेरै गाह्रो भएको छ (सुवेदी, २०७३:२०४)।

ख) यस्ता कुराहरू कर्णराजका कानमा ताता भिर भएर पसे । एकछिन त उनलाई भुइँ नै फनफनी घुमेजस्तो भयो (सुवेदी, २०७३:७) ।

ग) उसले यताउति हेऱ्यो । अनि पैनीको एकातिरको भिरालोमा रहेको सानासाना लाम्चा पात भएको हरियो अँगेरीको बोटतिर लम्क्यो । मैले उसको चप्पल बोकीदिएँ (सुवेदी, २०७३:९५) ।

यसरी सर्वनाम शब्दले नामको पुनरावृत्तिलाई हटाएर यस उपन्यासको भाषालाई चिटिक्क बनाएको छ ।

**विशेषणको चयन**

नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या, मात्रा आदि जनाउने पद नै विशेषण हुन् । विशेषणले वाक्यलाई झरझराउँदो बनाउँछ । 'इति' उपन्यासमा प्रयुक्त विशेषण शब्द निम्नानुसार छन्:

क) हामीसँग अब बोल्ने कुरा केही थिएन । अब हामीसँग आँसु मात्र थियो, रुनलाई, बगाउनलाई, नुनिलो र आत्मा पोल्ने आँसु (सुवेदी, २०७३:१८६) ।

ख) बरफेदे काइँलीले भर्खर मलेसियाबाट फर्केको आफ्नो भाइलाई फोन गरेर भनी, मलाई दश हजार जति पैसा चाइयो । खोजखाज पारेर तुरुन्त सिलगढी आइहाल् त' (सुवेदी, २०७३:२०७) ।

ग) हरिया रुखविरुवाले छपक्कै छोपेको दामाटारलाई परबाट नियाल्दा स्पष्ट देखिँदैनथ्यो । यसलाई सर्लक्क हेर्न गाउँदेखि माथि र गणेश मन्दिरभन्दा पनि अलिक मास्तिरको बेलटारमै पुग्नुपर्थ्यो (सुवेदी, २०७३:३५) ।

**क्रियापदको चयन**

क्रिया भनेको कुनै कार्य वा प्रक्रिया हुनु हो । कुनै पनि कार्यव्यापारको घटना प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ अर्थात् कुनै काम हुने वा भएको बारेमा बुझाउने पद क्रियापद हुन् । 'इति' उपन्यासमा क्रियापदको प्रयोग यसरी गरिएको छ :

क) नभन्दै वर्ष दिन नबित्तै उनकी स्वास्नीले छोरो पाइन् । कन्काई माताकै कृपाले हो भन्ने कुरामा उनी विश्वस्त भए (सुवेदी, २०७३:६) ।

ख) नरिवल व्यापारकै क्रममा उसले रेशुलाई देखेको हो । नक्कलबन्दा गाउँमा त्यो दिन नरिवल झार्न गएको थियो शुकबहादुर (सुवेदी, २०७३:१०८) ।

ग) ढोका ढकढक्याएँ । निकै बेरपछि ढोका खुल्यो । एउटी सानी नानीले खोली ढोका । मैले चिनिहालें । कल्पनाकी छोरी थिई त्यो (सुवेदी, २०७३:११६) ।

**क्रिया विशेषणको चयन**

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता वा परिवेश जनाउने पदलाई क्रिया विशेषण भनिन्छ । प्रस्तुत 'इति' उपन्यासमा प्रयोग गरिएका क्रिया विशेषणहरू यसप्रकार छन् :

क) एकदिन मोही बाक्लो भएछ । पानी हाल्न खोज्दा गाग्री रित्तै थियो । मोही पार्दापार्दे ऊ पानी लिन गाग्री बोकेर सरासर धारातिर लाग्यो । कल्पना आँगनसम्म पुगेपछि म ऊ बसेको काठको पिरामा टुक्रुक्क बसैं (सुवेदी, २०७३:४३) ।

ख) मिलन र मैले त्यो ग्वालिमा धेरैपटक लुकामारी खेलेका थियौं । ग्वालिको खोल्माभित्र भुसका बोराहरू हुन्थे । त्यहाँ सुत्केरी बिराली र त्यसका छाउराहरू म्याउँम्याउँ गरिरहेका हुन्थे (सुवेदी, २०७३:४१) ।

ग) उसले डराउँदै पालैपालो आमा र बातिर हेऱ्यो । हिजै केटीतिरका मान्छेसित पतरपतर नबोल्नू भनेर सिकाएका थिए बाले । उसलाई केही नबोलेर मुसुमुसु हाँसिरहूँजस्तो पनि लाग्यो (सुवेदी, २०७३:१६३) ।

**नामयोगी चयन**

नाम वा नामझैं प्रयोग हुने वा सर्वनाम आदिको पछिल्तिर जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थ सम्बन्धहरू जनाउनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हुन् । 'इति' उपन्यासमा प्रयुक्त नामयोगीका केही उदाहरणहरू निम्नानुसार छन् :

क) जेलबाट म आजै छुटेकी थिएँ । मेरो जाने ठाउँ पनि कतै पनि थिएन । मैले चिनेको ठाउँ नै यही दामाटार थियो तर दामाटारले चिन्दै चिनेर मलाई । यसले मप्रति कुनै स्नेह देखाएन (सुवेदी, २०७३:२१४) ।

ख) जहानसितको नचिताएको वियोगले कर्णराज निकै विचलित भए । अब उनलाई तातो पानी दिने पनि कोही भएन । बाबु एक्लिएपछि दीर्घराज गाउँमा आएर स्कुलमा पढाउन थाल्यो (सुवेदी, २०७३:७) ।

ग) बिस्तारै चिनी काकाको घर भन्सारका कर्मचारी, पुलिसका मान्छे र राजनीतिक पार्टीका कार्यकर्ताहरूको अखडा भयो । तिनी चिनी काकासित भन्ने गर्थे । अब तपाईले हामीलाई सघाउनु पर्छ । तपाईलाई हामी सघाउँछौं (सुवेदी, २०७३:१४७)

माथि रेखाङ्कित शब्दहरू नामयोगी हुन् ।

**संयोजकको चयन**

दुई वा दुईभन्दा बढी वाक्य, उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ । यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ । यसलाई योजक पनि भनिन्छ । प्रकार्यका दृष्टिले वाक्यलाई पदावली, उपवाक्य, वाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्द वर्ग हो । 'इति' उपन्यासमा प्रयुक्त केही संयोजक निम्नअनुसार छन् :

क) तर बा त्यो रातभरिमा पनि आइपुगेनन् । भोलिपल्ट पनि आएनन् । पर्सिपल्ट पनि आएनन् । उनी त्यसपछि कहिल्यै आएनन् (सुवेदी, २०७३:१९९) ।

ख) त्यस रात धने काका घरमा थिएनन् । घरमा हरिमाया काकी र मिलन मात्र थिए (सुवेदी, २०७३:१०५) ।

ग) म अलि हल्का भएपछि सपने खोलाको पानी अन्जुलीमा उघाएर अनुहार धोएँ । र, सरासर घरतिर लागेँ (सुवेदी, २०७३:२०४) ।

घ) रुखपातले ढाकिएको आफ्नो एक्लो घर सुरुमा कर्णराजलाई एकलासजस्तो लाग्थ्यो । तर उनको नियास्रो मेटाइदिए बृहस्पति बाजेले (सुवेदी, २०७३:५) ।

**निपातको चयन**

भाषामा सौन्दर्य, चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो । निपातले आग्रह, अवधारणा, सहमति, प्रश्न, आशङ्का, अनिश्चय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई घोतन गर्दछन् । 'इति' उपन्यासमा प्रयोग भएका निपातहरू निम्नअनुसार छन् :

क) एकदिन कसैले कर्णराजको कान पुकिदियो । दीर्घराजलाई ता सबैले कम्निस्ट पो भन्छन् त । सामन्ती, वर्गशत्रु, क्रान्ति, सर्वहाराजस्ता कुरा फलाक्छन् । रामनाथ दाहाल र रत्नकुमार बान्तवाहरूको पछिपछि हिँड्छन् अरे (सुवेदी, २०७३:७) ।

ख) फलिफाप त चिनी काकालाई नै भएको थियो। मालपोतका कर्मचारीको मिलेमतोमा उनले गणेश मन्दिरको जग्गा पनि पो निजी बनाएछन् (सुवेदी, २०७३:२०२)।

ग) बा एकछिन त हेरेको हेरेकै भए। मैले पनि कल्पनाको अनुहार हेर्न सकिनँ। हेऱ्यो कि बरर आँसु आइहाल्थे (सुवेदी, २०७३:१८५)।

**विस्मयादिबोधक चिह्नको प्रयोग**

हर्ष, विस्मात, घृणा, आश्चर्य, दुःख, निराशा आदि प्रकट गर्दा प्रयोग गरिने चिह्न नै विस्मय चिह्न हुन्। 'इति' उपन्यासमा प्रयोग गरिएका यस्ता चिह्नहरूको उदाहरण निम्नअनुसार प्रस्तुत गरिएको छ :

क) जाने बेलामा आँखाभरि आँसु पार्दै मिलने भन्नयो, एक दिन म तँलाई लिन आउँछु बर्षा ! (सुवेदी, २०७३:२०४)

ख) अहँ ! जुनजुन बिम्बलाई मैले आफ्नो स्मृतिमा जीवित राखेकी थिएँ, ती केही पनि बाँकी थिएनन्। यी बाह्र वर्षमा सबै नामेट भइसकेका थिए (सुवेदी, २०७३:१२)।

ग) भगिरथ काकाले मन्त्र पढ्दै याचना गरेको हाम्रै घरसम्म सुनियो, परमेश्वर ! कसैको नालीबालीमा बिगो नगर है भगवान ! हामी दामाटारबासी कसैले तिम्रो कुभलो चिताएको छैन (सुवेदी, २०७३:१०१)।

माथिका उदाहरणमा आएका विस्मय चिह्नहरूले 'इति' उपन्यासको भाषालाई रोचक बनाएका छन्।

**वाक्य चयन**

वाक्य भाषिक संरचनाको सबैभन्दा ठूलो सार्थक एकाइ हो। भाषाका कथ्य र लेख्य पक्ष छन्। लेख्य सन्दर्भमा भने वाक्यभन्दा माथि प्रकरण र सङ्कथन पनि आउँछ तर मूलतः कथ्य रूपलाई भाषाको मूल रूपमा लिइने हुनाले अभिव्यक्तिका क्षेत्रमा भाषाको आधारभूत एकाइका रूपमा वाक्यलाई लिइन्छ। व्याकरणिक संरचनामा वाक्य लघुतम भाषिक एकाइ हो। वाक्यको संरचनापूर्ण हुने हुँदा यो स्वतन्त्र एकाई हो। वाक्यलाई सरल, संयुक्त, मिश्र वाक्य, लामा छोटा वाक्यहरू आदिमा विभाजन गरिएको पाइन्छ। 'इति' उपन्यासका विभिन्न प्रकारका वाक्यहरू प्रयोग गरिएको पाइन्छ। जसलाई तलको उदाहरणले स्पष्ट पार्दछ :

**सरल वाक्य**

एउटा मात्र समापिका भएको वाक्यलाई सरल वाक्य भनिन्छ । 'इति' उपन्यासमा प्रशस्तै सरल वाक्यको प्रयोग भएको देखिन्छ, उदाहरणः

क) यो गाउँको नाउँ पनि चिनी काकाको मोटरसाइकल जस्तै कति छिटो फेरिन्छ (सुवेदी, २०७३:३४) ।

ख) ठीक त्यसैबेला छोरीकै पछाडि कल्पना देखा परी (सुवेदी, २०७३:२१६) ।

ग) बसबाट ओर्लने बित्तिकै म अलमलमा परिहालेँ (सुवेदी, २०७३:३) ।

**मिश्र वाक्य**

दुई वा दुईभन्दा बढी सरल वाक्य मिलेर जब तब जहाँ तहाँ जस्ता संयोजक लागेर बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । 'इति' उपन्यासमा मिश्र वाक्य वाक्यको प्रयोग भएको पाइन्छ, उदाहरण

क) जब कर्णराजको छोरो जन्मियो तब कर्णराजले आफूलाई संसारकै सबैभन्दा भाग्यमानी ठानेको थियो (सुवेदी, २०७३:७) ।

ख) जब पानीट्याङ्कीमा पर्खेर बसेका तिलक दाजुले कल्पनालाई देखे तब उनको अनुहार निकै उज्यालो देखियो (सुवेदी, २०७३:७९) ।

ग) जसरी चिनी काकाले सुपारीको व्यापार गर्न थालेका थिए त्यसरी नै गाउँलेहरू उनका पछि लागेर सुपारी ओसार पसार गर्न थालेका थिए (सुवेदी, २०७३:१७२) ।

**संयुक्त वाक्य**

वाक्यमा र, अनि, तथापि, तैपनि जस्ता संयोजक लागेर बनेका वाक्यलाई संयुक्त वाक्य भनिन्छ, उदारहण

क) सबै हात्तीगौडातिर लागे । मिलन र म पनि त्यतितिर दौडियौं (सुवेदी, २०७३:१७२) ।

ख) बा बाँदर लिन जङ्गल गएको कुरा थाहा पाएरै उत्सुकता भइसकेको थियो मलाई अनि बाँदर र दोखको के सम्बन्ध छ भन्ने जान्न मन थियो (सुवेदी, २०७३:१७) ।

ग) गाडीबाट ओर्लेको देख्नासाथ उनले बालाई तानेर हतारहतार छेवैको गल्लीतिर लगे र हतारिँदै भने 'यसपालि निकै गाह्रो छ, सुपारी व्यापार छोड्नुपर्ने अवस्था पनि आउन सक्छ तैपनि हरेश चाहिँ खानु हुँदैन (सुवेदी, २०७३:१९२) ।

यस उपन्यास 'इति' उपन्यासमा सरल, संयुक्त, मिश्र र अन्य लामाछोटा सबै किसिमका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

**बिन्दु चिह्नको चयन**

वाक्यलाई छोट्याउन र रचनाकारले अव्यक्त कुरालाई व्यक्त गर्न बिन्दु चिह्नको प्रयोग गरिन्छ । बिन्दु चिह्नले वाक्यलाई छरितो बताउँछ । यस्ता चिह्नहरूको प्रयोग 'इति' उपन्यासमा प्रशस्त गरिएको छ । जसलाई तलको उदाहरणबाट स्पष्ट पारिएको छ ।

क) उनले एकपटक घाँटी सफा गरे र धमिलो आवाजमा भने 'उसो भा मलाई अहिले नै पन्ध्र हजार चाहिन्छ (सुवेदी, २०७३:१९४) ।

ख) यतिबेलै हाम्रो गाउँम एउटा कक्षा पाँचसम्म पढाइहुने अंग्रेजी माध्यमको बोर्डिङ स्कुल खुल्यो (सुवेदी, २०७३:१७५) ।

**प्रश्नसूचक चिह्नको चयन**

कुनै पनि प्रश्न सोध्दा प्रयोग गरिने चिह्नलाई प्रश्नसूचक चिह्न भनिन्छ । 'इति' उपन्यासमा प्रयोग गरिएका प्रश्नसूचक चिह्नका उदाहरणहरू निम्नअनुसार छन्:

क) गाउँलेहरू सबै खुशी भए तर एउटा पुलिसले हकार्यो 'यस्तो कुरा बोल्ने को हो ? कसले मार्‍यो यो हात्ती ? सबलाई लगेर खोरमा जाक्नु नपरोस् नि ! (सुवेदी, २०७३:१७३) ।

ख) तिलक दाजुको कुरा बीचैमा काटेर एकजना गाउँले बोले 'हिँडेको कुरो गर्छ मुले, यत्रो उपद्रो देख्या छैनस् तैले ? पोहोर साल राति हात्तीगौडामा चिन्दा बसेर फर्किदा मेरो बाउलाई तेरै घरमाा आडमा दाह्रे हात्तीले सुडले बेरेर पछारेको बिर्सिस् ? (सुवेदी, २०७३:१६८) ।

**विचलन**

सामान्य नियम वा प्रचलित अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पक्ष वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ । विचलन भाषिक एकाइका विभिन्न स्तरमा देखिन सक्छ । वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य र सङ्कथनका तहमा पनि विचलन प्रतिविम्बित हुने गर्दछ । विचलनले व्याकरण मात्र नभएर शब्दभण्डार एवम् अर्थको स्तरका साथै समग्र शैलीलाई समेत प्रभावित पार्ने काम गर्दछ ।

प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो । सामान्य नियमलाई भङ्ग गरी मानकको अतिक्रमण गर्नु विचलन हो । अभिव्यक्तिको ध्यानाकर्षणका लागि

प्रचलित पथ वा संरचनालाई उल्लङ्घन गर्ने काम विचलन हो (भण्डारी र नेपाल, २०६७:३५) । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९:८)

रचनालाई परम्पराबाट मुक्त गरी नवीनता ल्याउने प्रक्रियाको निम्ति विचलनले सोदेश्य भूमिका निर्वाह गरेको हुन्छ । कोशीय व्याकरणिक, ध्वनि प्रक्रियात्मक, भाषिकागत, अर्थतात्विक विचलनहरू देखा परेका छन् ।

**कोशीय विचलन**

सामान्य भाषिक अभिव्यक्तिगत प्रयोगमा नआएका, कोशमा नरहेका नयाँ शब्दहरूको निर्माण गरेर प्रयोग गर्नु कोशीय विचलन हो । कोशमा भएका शब्दले मात्र स्रष्टाको अभिव्यक्तिको सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण वा पुरानै शब्दलाई नौलो रूप दिएर प्रयोग गर्दछन् भने त्यस्तो विचलनलाई कोशीय विचलन भनिन्छ । 'इति' उपन्यासमा कोशीय विचलन भएका शब्दहरू निम्नअनुसार रहेका छन् :

क) तपाई जस्तो सुपारी लाइनको सबकुछ मालुम भएको मानुसले थोराथोरा सुपारी बेचेर केही हुँदैन । तपाईको भन्सारका धेरै मानुससँग राम्रो सेटिङ छ । मलाई पनि तपाईजस्तो मानुसको जरुरत छ । नेपालमा फलेका केही हजार टन सुपारीले आमार भारतको त्यति ज्यादा गुट्खा फ्याक्ट्री कहाँ चलेको हो ? (सुवेदी, २०७३:४५) ।

**व्याकरणिक विचलन**

भाषा व्याकरणिक नियमद्वारा नै व्यवस्थित रहेको हुन्छ । प्रत्येक भाषामा व्याकरणात्मक व्यवस्थाहरू हुन्छन् । लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा देखिने विचलन नै व्याकरणिक विचलन हो । यस्तो विचलन पाठकलाई विशेष प्रभाव पार्न वा कृतिको गाम्भीर्य बढाउनका निम्नि स्रष्टाद्वारा आफ्ना कृतिमा गरिएको हुन्छ, साथै रचनाकार व्याकरणिक बन्धनमा बाँधिएर रहन सक्दैन किनकि ऊ आफ्नो अभिव्यक्तिलाई स्वच्छन्द किसिमले साहित्य सिर्जनामा व्यक्त गर्न चाहन्छ । 'इति' उपन्यासमा रहेका व्याकरणिक विचलनका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) चिनी काकासँग गुनासो गरिन्, इजोतमा बसेर काम गर्नुपर्छ । बेमान गरेर कमाको सम्पत्ति यो घराँ चाहिँदैन । एस्तो काम गर्दै नगर्नु (सुवेदी, २०७३:१४७) ।

ख) चिनी काका अलि रिसाउँदै भने 'तेरो मुख खुलेन भने यो कुरो घरसम्म आइपुग्दैन। तेस्लाई घरैमा भित्र्याउने ता काँ हुँ र ? एस्ता कुरा मिलाउन मैले जान्या छु क्या। तँ चुप लाग् न' (सुवेदी, २०७३:१४९)।

यसरी 'इति' उपन्यासमा प्रयोग गरिएको व्याकरिणक विचलनबाट यस उपन्यासको रचनालाई तिख्याउने काम गरिएको छ।

**ध्वनि प्रक्रियात्मक विचलन**

उच्चारणका क्रममा देखिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ। विचारहरूको सम्प्रेषणको माध्यम भाषा भएकाले भाषाको एउटा रूप ध्वनि हो। मानकको भााषिक एकाइहरू ध्वनिबाट नै सार्थक बन्न पुगेका हुन्छन्। यसरी भाषिक उच्चाहरणमा हुने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ। साहित्यकारहरूले रचनालाई सारगर्भित र चमत्कारिक बनाउन मानक भाषाको प्रयोगका साथसाथै कथ्य भाषाको पनि प्रयोग हुने गरेको पाइन्छ। 'इति' उपन्यासमा कथ्यभाषा प्रयोगले प्रशस्त ध्वनि प्रक्रियात्मक विचलन भएको पाइन्छ, जस्तै :

क) त्यसपछिका दिनमा अमलाले लड्डुलाई सधैँ उल्लिबिल्ली पार्न थाली 'ए लड्डु, उ त्यो बोटमा चडेर सुपारी टिप त ? नत्र न तिमीसँग बे गर्दिनँ के' (सुवेदी, २०७३:१५६)।

ख) एकदिन मिलनले उचाल्यो उसलाई 'लड्डु पीर नमान। अमला त तेरै हो यार। बोरु ऐल्यै गएर अमलाका मामासँग यो कुरा भनिहाल' (सुवेदी, २०७३:१५८)।

**अर्थतात्विक विचलन**

कुनै पनि शब्दको अविधामूलक वा कोशीय अर्थ त्यस शब्दको मानक अर्थ हो। तर कहिलेकाहीँ अविधा अर्थले मात्र नपुगेर लाक्षणिक, व्यञ्जनात्मक, बिम्बात्मक आदि विशिष्ट अर्थ व्यञ्जित हुने गर्दछन्। त्यसलाई हामी अर्थतात्विक विचलन भन्ने गर्दछौं। तसर्थ साहित्यमा कोशीय अर्थको अतिक्रमण भई ध्वन्यात्मक र आलङ्कारिक अर्थ प्रतिपादन गर्ने गरिन्छ।

वाच्यार्थले चाहेको अर्थ व्यक्त गर्न असक्षम हुँदा रचनामा अर्थतात्विक विचलन हुन आउँछ। यसरी भाषामा आर्थी विचलन भएर साहित्यिक रचनामा कलात्मक र सौन्दर्यको उदय हुन्छ। 'इति' उपन्यासमा प्रयोग भएका अर्थतात्विक विचलनहरूलाई निम्न उदाहरणबाट देखाइएको छ :

क) धराने कालो बङ्गुरको एक सेकुवासित विदेशी रक्सीको पहिलो क्वाटर सिक्याएपछि एकदिन चिनी काकाले भने ‘अब दामाटार स्वर्ग हुन्छ, टुरिक्स सेन्टर हुन्छ। पर्यटकहरू त कति आउँछन् कति अब। दामाटारलाई हात्ती हेर्ने पर्यटकीय ठाउँ बनाउने कुरा भको छ (सुवेदी, २०७३:१८३)।

ख) हाम्रा मामा महाजन हुन् तर टुहुरी भाञ्जीहरूलाई हेर्नु पर्छ भनेर दामाटारमा पाइलै टेक्दैनन्। के सोचेका तिनीहरूले आमा पो मरिन् त हाम्री। बाबु त छन् नि हौ हाम्रा जिउँदै (सुवेदी, २०७३:३७)।

ग) कहिलेकाँही कल्पना भन्थी, “हाम्रो हाँसो, खुशी र आँसुका साक्षी यिनै कोठाका भुइँ, दलिन र भित्ताहरू हुन्।”

**भाषिका विचलन**

मानक भाषाको सट्टा स्रष्टाले सिर्जनालाई विलक्षणता दिन भाषिका तथा उपभाषिकाका शब्दहरूको प्रयोगलाई भाषिका भनिन्छ। यस ‘इति’ उपन्यासमा पूर्वेली भाषिकागत विचलन भएको पाइन्छ। जसमा यस उपन्यासमा प्रयुक्त भाषिकागत विचलनका उदाहरण निम्नानुसार छन्:

क) धेरैबेरपछि मैले दबेको आवाजमा सोधेकी थिएँ “हामी गरिब छौं हो कल्पु ?” (सुवेदी, २०७३:४०)।

ख) तेल्लाई कल्ले फिरीमा खान दिन्छ र ? त्यसका बाबुको होटल छ र ? भोकले नाइटो सुकेर डडाल्नाँ टाँस्सेपछि भिज्या मुसो जस्तो भर आउँछ, हेरिराख न तिमेरु (सुवेदी, २०७३:५४)।

**समानान्तरता**

भाषाको प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन्। त्यसैले समान्तरता भनेको बढी नियमितताको पालन हो (शर्मा, २०५९:८)।

यो विचलनको विपरीत धर्म हो। जब रचनाकारले आफ्नो सिर्जनामा कुनै भाषिक एकाईको आवृत्ति र पुनरावृत्ति गरेर अलङ्कार, लय, छन्द आदि विशेषतायुक्त बनाउँछन् त्यसलाई समानान्तरता भनिन्छ।

समानान्तरता छन्द, अलङ्कार, प्रयोगमा प्रशस्त मात्रामा पाउन सकिन्छ । यसको समुचित प्रयोगले भाषिक अभिव्यक्तिका क्रममा कलात्मकताको अभिवृद्धि हुन्छ तर यसको अत्याधिक प्रयोगले भाषिक अभिव्यक्तिलाई आडम्बरपूर्ण बनाउने गर्दछ ।

समानान्तरताको प्रयोग बढी मात्रामा पद्य विधामा भए पनि अन्य साहित्यिक विधामा पनि यसको प्रयोग पाइन्छ । समानान्तरतालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिएको छ ।

**आन्तरिक समानान्तरता**

भावार्थ वा वाच्यार्थको पुनरावृत्ति गरी कृति वा रचनाभित्र सौन्दर्य सृजना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ ।

'इति' उपन्यासमा उपन्यासकारले आन्तरिक समानान्तरताको प्रयोगले उपन्यासको भाषिक पक्षलाई आलङ्कारिक बनाएका छन् जसलाई तलका उदाहरणबाट स्पष्ट पारिएको छ :

क) मिलनले एकदिन भन्यो "तिलक दाजुले राम्रो जागिर खाने अरे ।" मिलनको यो खुशीमा म पनि दङ्ग परेँ । सानैदेखिको बानी थियो । मिलन खुशी भयो भने म पनि खुशी, मिलन दु:खी भयो भने म पनि दु:खी (सुवेदी, २०७३:१७४) ।

ख) "धनी मान्छेले शहर बजारमा नयाँनयाँ कार किन्छन् । किनेका कार यहाँ ल्याएर पूजा गऱ्यो भने फलिफाप हुन्छ अरे । तेसैले यसलाई कारे गणेश पनि भनेको हो ।" कल्पनाले भनेकी थिई (सुवेदी, २०७३:६१) ।

**बाह्य समानान्तरता**

एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिको आवृत्ति भई भाषामा बाह्य समानान्तरताको सिर्जना हुन्छ । बाह्य समानान्तरताले भाषिक अभिव्यक्तिलाई रम्याउने र मुस्क्याइलो पार्ने काम गर्दछ । 'इति' उपन्यासमा प्रयोगमा आएका बाह्य समानान्तरताका केही उदाहरणहरूलाई तल देखाइएको छ ।

क) त्यतिबेलै हाम्रो गाउँमा एउटा कक्षा पाँचसम्म पढाइ हुने अङ्ग्रेजी माध्यमको बोर्डिङ स्कुल खुल्यो । सरस्वती बोर्डिङ स्कुल । स्कुललाई अङ्ग्रेजी पढाउन सक्ने राम्रो शिक्षक चाहिएको रहेछ (सुवेदी, २०७३:१७५) ।

## अध्याय पाँच : निष्कर्ष तथा उपसंहार

उमा सुवेदीद्वारा लिखित प्रस्तुत 'इति' उपन्यासले एकातिर गाउँले परिवेशलाई जस्ताको तस्तै उतार्न खोजिएको सामाजिक यथार्थवादी उपन्यास हो भने अर्कोतिर पूर्वी नेपालको दामाटारमा हात्ती आतंकको विषयलाई कथावस्तु बनाएर लेखिएको हो। प्रस्तुत 'इति' पूर्वी नेपालको दामाटार गाउँको कथा हो। छिमेकी मुलुकबाट आएका हात्तीले गाउँमा मच्चाउने आतङ्क र सुपारी तस्करीका कारण प्रशासनको तारो भएका गाउँलेहरूले पाउने सास्ती नै यो उपन्यासको मुख्य विषय हो। हात्तीको समस्याबाट मुक्ति प्राप्त गर्न गाउँलेहरूले अपनाएका विधि तथा सुपारी तस्करी निमिट्यान्न पार्न सरकारले गरेको प्रयासका बीच हुने राजनीतिको सुन्दर चित्र उपन्यासमा उतारिएको छ। दामाटारका माध्यमबाट उमाले सिंगो देशको कथा भनेकी छिन्। उनले यस उपन्यासमा खेतीपातीबाट बिस्तारै पलायन हुन थालेका गाउँहरू एवं सामाजिक चेतनामा आउन थालेको परिवर्तनसँगै छिटो पैसा कमाउने उपाय अपनाउँदै जाँदा मावनीय भावनामा आएको ह्रास तथा त्यही कारणले गाउँ नै विस्थापित हुनुपर्ने यथार्थ यो उपन्यासमा चित्रण गरिएको छ।

झापाको दामाटारमा घटेका हात्ती आतङ्कका यथार्थ घटनाहरूलाई यथार्थ रूपमा उतारेका छन्। 'इति' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रम उक्त उपन्यासको कथानक र पात्रका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण र शैलीविज्ञानका प्रमुख मान्यताहरू चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ।

### निष्कर्ष

प्रस्तुत शोधपत्र 'इति' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत विषयप्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ। प्रस्तुत शोधपत्रको दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखालाई प्रस्तुत गरिएको छ। उक्त कार्यले शोधकार्य गर्न सहज र सजिलो बनाएको छ। अध्यायको तेस्रो अध्यायमा शोधकार्य अनुसन्धान विधिलाई प्रस्तुत गरिएको छ। यो शोध तयार गर्दा पुस्तकालयीय, गुणात्मक विधिको प्रयोग गरिएको छ भने अनुसन्धानको प्राथमिक स्रोतको रूपमा 'इति' उपन्यासलाई लिएको छ भने अन्य प्रकाशित अप्रकाशित शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा उपयोगमा ल्याइएको छ।

प्रस्तुत शोधपत्रको चौंथो अध्यायमा कथानक र पात्रका आधारमा 'इति' उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ। जसमा कथाको कथानक तथ्याङ्कलाई बुँदागत

रूपमा प्रस्तुत गरिएको छ । उक्त कथाहरूमा भएका पात्रहरूलाई शैलीवैज्ञानिक तालिकामा देखाइ तिनीहरू विश्लेषण गरिएको छ ।

यस शोधपत्रको पाँचौं अध्यायमा 'इति' उपन्यासको चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । चयनका आधारमा, तत्सम, तद्भव, आगन्तुक तीनै स्रोतबाट आएका शब्दहरूको चयन गरिएको छ । त्यस्तै नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपातका आधारमा शब्द चयन गरिएको छ । उक्त कार्यले कथालाई रोमाञ्चक, सरल, सहज र बोधगम्य बनाएको छ । यो कथामा बिन्दु चिह्न, प्रश्नसूचक चिह्न, विस्मयादिबोधक चिह्नको समुचित प्रयोग गरिएको छ । विचलनअन्तर्गत कोशीय, व्याकरणिक र ध्वनिप्रक्रियात्मक अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ भने समानान्तरता अन्तर्गत बाह्य र आन्तरिक समानान्तरताको पनि अध्ययन र विश्लेषण गरिएको छ ।

**अध्ययनको उपयोगिता**

प्रस्तुत 'इति' उपन्यासमा छिमेकी मुलुक भारतबाट आएका हात्तीले बाहुनडाँगी लगायत आसपासका गाउँमा मच्चाउने आतङ्क र सुपारी तस्करीका कारण प्रशासनको तारो भएका गाउँलेहरूले पाउने सास्ती र हात्तीको समस्याबाट छुटकारा पाउन गाउँलेहरूले अपनाएका विधि तथा सुपारी तस्करी निमिट्यान्न पार्न सरकारले गरेको प्रयासका बीच हुने राजनीतिको खिचातानीलाई उपन्यासमा उतारिएको छ । प्रस्तुत शोधकार्य कुनै पनि साहित्यिक रचनाहरूको शैलीवैज्ञानिक अध्ययन गर्न चाहने शोधकर्तालाई उपयोगी हुन्छ । 'इति' उपन्यासको भाषिक पक्षको बारेमा आँकलन गर्न उपयोगी हुन्छ । उपन्यासकारलाई आफ्नो कृतिको वस्तुपरक अध्ययनबाट पृष्ठपोषण प्राप्त हुनुका साथै मानक भाषाका साथसाथै कथ्य भाषाको र पूर्वेली भाषिकाको विशेष प्रयोग गरिएको छ । यस उपन्यासभित्रको कथावस्तु सरल, सहज र सबै पाठकहरूको लागि बोधगम्य देखिन्छ ।

**भावी अनुसन्धान पक्ष**

उपन्यासकार उमा सुवेदीद्वारा रचना गरिएको 'इति' उपन्यासमध्येको शैलीवैज्ञानिक अध्ययनले शैलीविज्ञानसँग सम्बन्धित विषयमा अनुसन्धान गर्न चाहने भावी अनुसन्धानकर्तालाई महत्वपूर्ण सहयोग पुग्दछ । अनुसन्धानका निम्ति उपन्यासकारका रचना, कृतिहरू भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानका शीर्षकहरू हुन सक्छन् :

क) 'इति' उपन्यासमा समाविष्ट आगन्तुक शब्दको अध्ययन

ख) 'इति' उपन्यासमा समाविष्ट तद्सम शब्दको अध्ययन

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँः विद्यार्थी प्रकाशन प्रा.लि ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रयोगिक भागाविज्ञानका प्रमुख आयामहरू**, काठमाडौँः हेरिटेज पब्लिकेशन एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बोहरा, हरिबहादुर (२०७३), **'मणिपुरको चिठी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८), **भाषिका अनुसन्धान विधि** (चौं.सं.) काठमाडौँः पिनाकल पब्लिकेसन प्रा.लि. ।

भुजेल, ममता (२०७२), **'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन (अप्रकाशित शोधपत्र)**, जनता बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग ।

रावल, कर्णबहादुर (२०७३), **'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

रेग्मी, ऋषिराज (२०७२), **विभाजित समय उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस मोरङ शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

लम्साल, रामचन्द्र, बासुदेव गौतम र गणेशराज अधिकारी (२०६७), **प्रायोगिक भाषाविज्ञान** (ते.सं.) काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, विष्णुप्रसाद (२०७०), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : क्लेष्ट पब्लिकेशन प्रा.लि. ।

सुवेदी, उमा (७३), **इति** काठमाडौँः अक्षर क्रिएशन्स ।